
अमृतलाल नागर

# बजरंगी पहलमानका अनौठा कामहरु



N
028.5
N 131 B

N
028-5
N131B

*INDIAN INSTITUTE*
*OF*
*ADVANCED STUDY*
*LIBRARY, SHIMLA*

# बजरंगी पहलमानका अनौठा कामहरु

मूल लेखक
अमृतलाल नागर

नेपाली अनुवाद
सम्पूर्णा राई

साहित्य अकादेमी

*Bajrangi Pahalmanka Anautha Kamharu :* Nepali translation from Hindi by Sampurna Rai of Bajrangi Pahalwan ke Anokhe Karname short stories for children by Amritlal Nagar, Sahitya Akademi, New Delhi (2001), Rs. 40.

© साहित्य अकादेमी

प्रथम संस्करण : 2001 ई.

**साहित्य अकादेमी**

**प्रधान कार्यालय :**

रवीन्द्र भवन, 35, फ़ीरोज़शाह मार्ग, नयी दिल्ली 110 001

**बिक्री विभाग :**

स्वाति, मन्दिर मार्ग, नयी दिल्ली 110 001

**क्षेत्रीय कार्यालय**

172, मुम्बई मराठी ग्रन्थ संग्रहालय मार्ग, दादर, मुम्बई 400 014

जीवनतारा बिल्डिंग, चौथा तल, 23 ए/44 एक्स, डायमंड हार्बर रोड, कलकत्ता 700 053

443-45, अन्ना सालई, तेनामपेट, चेन्नई 600 018

सेंट्रल कॉलेज परिसर, डॉ. वी. आर. अम्बेडकर मार्ग, वंगलौर 560 002

ISBN 81-260-0959-4

मूल्य : चालीस रुपियाँ

Indian Institute of Advanced Study SHIMLA 116946 8/12/04

N 028.5 N131 B

Library IIAS, Shimla
N 028.5 N 131 B
00116946

शब्द संयोजन : सविता प्रिंटर्स, शाहदरा, दिल्ली-110 032


मुद्रक : नागरी प्रिंटर्स, नवीन शाहदरा, दिल्ली-110 032




**5** बजरंगी र सेठ मानकचन्द



**28** बजरंगी र मिस्त्रीको पहाड़



**43** बजरंगी र राक्षस फेनफू



# 1

# बजरंगी र सेठ मानकचन्द

कुबेरपुर तिब्बत र हिन्दूस्थानको सिमानामा अवस्थित एउटा अनौठो नगर हो। यहाँका दृश्यहरु अति नै सुन्दर र मोहक छन्। झरना, पोखरी अनि जंगलले घेरिएको यो कुबेरपुर पहिले एउटा सानो राज्य मात्र थियो। तर अहिले यो सम्पन्न भई भारतवर्षको एउटा मुख्य नगर बन्न पुगेको छ। हिमालयका काठ र खनिज पदार्थको कारणले यहाँ थुप्रै साना-साना कारखानाहरु खोलिएकाले यो नगरको रौनक र शहरको जनसंख्यामा वृद्धि भएको छ। यहाँका व्यापारी मानक चन्दले संसारका सुन्दरभन्दा सुन्दर मूर्तिहरुको सठीक नकल गरेर एउटा म्यूजियम पनि खोलेका छन्, जुन म्यूजियममा मानिसहरुको भीड़ दिनदिनै बढ़दो छ। कुबेरपुरका पुराना राजाको ऐतिहासिक महल पनि हेर्ने लायकको छ। तर कुबेरपुरको ख्याति बढ़ाउने अरु दुइ कारणहरु पनि छन्। ती हुन–विश्वविख्यात बजरंगी पहलमान र उनको कान्छा भाइ नौरंगी स्वामी।



केही वर्षअघि ओलम्पिकको मैदानमा वजरंगीले टार्जन र फ्यान्तमलाई जितेर बाह्रवटा प्रतियोगितामा स्वर्ण-पदक हासिल गरेकाले सारा संसारमा उनको प्रतिष्ठा वढ़ेको थियोर उनी आदरका पात्र भएका थिए। प्रतियोगिताहरुमा जति स्वर्ण-पदकहरु उनले प्राप्त गरेका थिए, ती जम्मै पदकहरु नै उनले आफूसित भिड़िन आउनेहरुलाई नै दिएका थिए। उनको यस्तो उदारता देखेर सबैको मनमा उनीप्रति अझ आदर बढ़ेर आउनु स्वाभाविक हो। ओलम्पिक कमिटिले पछि यस्ता अचम्भका भारतीयलाई अझै सम्मान दिनैपर्छ भन्ने ठान्यो। एउटा विराट सभाको आयोजना गरेर उनलाई 'विश्व-रत्न'को उपाधि दिइयो। उनको भारत-आगमनलाई अभूतपूर्व स्वागत गरिएको यियो। टार्जन र फ्यान्तमजस्ता विश्वविख्यात पहलमानलाई परास्त गरेकोमा हरेक भारतीयको मनमा गर्वको भावना भरिएको थियो।

कुबेरपुरका जनताले उनको भव्य स्वागत गरे। त्यस्तो स्वागत संसारको इतिहासमा अरु कसैको पनि भएको थिएन। फूलमालाको सट्टामा उनलाई हिरामोतीको माला पहिराइएको थियो। सूनको प्लेटमा उनलाई अभिनन्दन-पत्र दिइयो। उपहारमा जति धन उनले प्राप्त गरे, ती जम्मै नै उनले देशवासीको भलाइको निम्ति प्रधानमन्त्री-कोषमा दान गर्ने घोषणा गरे अनि अब उसो देशका नवयुवकहरुलाई कसरत, कुश्ती, घोड़सवारी, चान हान्ने कला अनि अरु पनि विविध विद्या सिकाएर ती नवयुवकहरुलाई दरिलो बनाई संसारका अरु कुनै व्यक्तिले पनि तिनीहरुलाई जित्न नसक्ने बनाउने इच्छा जाहेर गरे। उनले भने, आज भारतमा बजरंगी एउटै मात्र छ तर भोलि भारतमा हजारौं बजरंगी हुनेछन्।

बजरंगीको यो त्यागको कुरा सर्वत्र फैलिएपछि राष्ट्रभरिका नवयुवकहरुले बजरंगीको शिष्य हुने आवेदन-पत्र पठाउनथाले। पहलमानले ती नवयुवकहरुबाट केवल पचासजना छानेर शिक्षा दिन आरम्भ गरे। बजरंगीको अखड़ाको ठूलो नाम थियो। केही समय बितेपछि उनका शिष्यहरुको कला देखेर तिनीहरूको प्रशंसागर्न लागे। ठीक यही समयमा भारतको एउटा प्रान्तका डाकूहरुले हत्या गर्ने कार्य छोड़ेर देशको अघि आत्म-समर्पण गर्ने निश्चय गरे। एकजना ठूला नेताले ती डाकूहरुको हृदयमा परिवर्तन ल्याएका थिए। खबरकागजबाट यो खबर पढ़ेपछि बजरंगीका चेलाहरुले आपस्तमा चर्चा शुरू गरे।

संजीवले भन्यो—''एक दिन-न-एक दिन यी डाकूहरुले आत्मसमर्पण गर्नु नै पर्ने थियो। मान्छे जति नै कठोर र बलशाली किन नहोस, यी डाकूहरुजस्तो जंगल-जंगल भाग्दै-लुक्दै, यस्तो कष्ट सहनु कसैलाई पनि राम्रो लाग्दैन। कुरा त त्यति बेला पो ठीक जँच्ला, जति बेला असली डाकूले आत्म-समर्पण गर्नेछ।''

बबलूले सोध्यो ''तिमी कुन डाकूको कुरा गर्दैछौ, संजू ?'' संजीबले भन्यो–''अरे, कालो धन कमाउने सेठ र तस्करहरु पो असली डाकू हुन् ता ! हाम्रो कुबेरपुरको बजारमा तस्करीका वस्तुहरु वालछ्याल भएको पनि तिमीले देखेकै छौ। विदेशी टेलिभिजन, टेपरिकार्डर, रेडियो, घड़ी, फाउन्टेनपेन, लुगाहरु भटाभट बिक्री हुँदैछन्, जसले गर्दा हाम्रा स्वदेशी उद्योगलाई ठूलो नोकसानी भइरहेको छ। नाफा कमाउनेहरुले पनि हाम्रो देशलाई अर्कोतिरबाट दुःख दिइरहेका छन्। चीजको दाममा दिनदिनै वृद्धि गराएर यिनीहरु पुटुस्स हुँदैछन् भने जनतालाई सुर्ताले दुब्लो बनाँउदै जाँदैछन्।''

आलोकले भन्यो–''अरे, संजू, तिमी किन बेफाइदाको सुर्ता गर्छौ ? यिनीहरुलाई ता सरकारले पनि जित्न सकेको छैन। हामी झन् के हौं र जित्नसक्छौं यिनीहरुलाई !''

सिद्धार्थले भन्यो–''आलोक, पूज्य बजरंगीको शिष्य भएर हामी गरौंला नि ! अक्षय, मेरो कुरा ठीक छ, होइन ता ?''

उत्तरमा केवल अक्षयले मात्र होइन तर सबै नवयुवकहरुले सहमतिमा ''हो, हो, किन होइन र'' भन्ने उत्तर दिए।

आलोकले भन्यो–''व्यर्थको जोश देखाएर केही पनि हुने होइन, सिद्धार्थ। यहाँ तस्करीको माल बेच्न आउनेलाई के तिमी पक्ड़नसकछौ र ? तस्करीको माल भएको कुनै सेठको गोदामको भेद तिमी बताउनसक्छौ र ?''

संजूले भन्यो, ''अँ, हामी पक्का त्यो काम गर्नसक्छौं। ती गुण्डाहरुले हामीलाई न पिस्तोल-चुप्पी चलाउनमा जित्नसक्ने हुन्, न ता तिनीहरु हामीलाई कुश्तीमा जित्नसक्ने हुन्, न ता हामीलाई दगुर्नमा उछिन्नसक्ने हुन्। त्यसो हो भने के हामी तिनीहरुलाई पक्ड़नसक्दैनौं र ?''

सबैले संजूको भनाइको पुष्टिको गरे। यो देखेर आलोक हाँस्यो। उसले भन्यो–''ठीक छ भाइ, तिमीहरु सबैले मनको कुरा भन्यौ। लौ ता, सक्छौ भने एक-दुइ तस्कर अथवा नाफाखोरलाई पक्ड़ेर देखाऊ न ता !'' सिद्धिले भन्यो–''एउटा-दुइटालाई होइन है, हामी सबैलाई पक्ड़नेछौं।''

बबलूले भन्यो–''तर के यस्तो काम गर्नुभन्दा अघि हामीले गुरुजीबाट आज्ञा लिनु ठीक होइन र ?'' संजीवले भन्यो–''हो ता, आजसम्म हामी कसैले कुनै काम गुरुजीलाई नसोधी गरेका छौं र आज आज्ञा नलिने कुरा आउँछ ? बरु हामी सबै गुरुलाई सोध्न जाऔं।''

आलोक फेरि हाँस्यो र भन्यो—"जौं, जौं, अहिले पाँच मिनटपछि गुरुजीको झपार खाएर सबै फुस्रो मुख लाएर बाहिर आँउनेछौ।" आलोकको यो भनाइ कसैलाई पनि मन पर्दैन। अतुलले रिसाएर भन्यो—"हामी तिमीजस्तो लोदर लाँउदैनौ। राम्रो काममा गुरुजीले सँधै हामीलाई हौसला दिएका छन्। कसैलाई विना कारण झपार्ने उनको आदतै छैन।"

यी नवयुवकहरु गुरुजीको घरमा पुग्दा बजरंगी पहलमान तलबाट पच्चीस-पच्चीस मनका दुइटा ठूला-ठूला ढुंगा हातमा लिएर मस्त चालमा डाँड़ामा आफ्नो घर भएतिर आउँदै थिए मानौं उनले ढुंगा होइन तर फूलका गुच्छालाई हातमा बोकेका छन्। आफ्ना शिष्यहरुलाई देखेर उनले सोधे, "कसो हौ, अक्षय, यस्तो समयमा तिमीहरु के भन्न आएका छौ ?"

अधि बढ़ेर अक्षयले भन्यो—"गुरुजी, तपाईं यो ढुंगाको भारी किन बोक्नुहुन्छ ! तपाईं एकलैले गर्नसक्ने यो काम हामी आठ-दसजना मिलेर गरिदिने छौं।"

बजरंगी हाँसे, भन्नथाले—"भाइ, तिमीहरु कसैले, एकलैले यो भारी बोक्नसक्यौ भने मात्र यो भारी म तिमीहरुलाई बोक्नदिनेछु।"

गुरुको कुरा सुनेर सबै चुप भए। यसरी पचास मनको भारी उठाएर मस्त चालमा हिंड्नु उनीहरुको वशको कुरो थिएन। गुरुजीले छ माइल टाड़ादेखि ती ढुंगाहरु बोकेर ल्याएका थिए अनि उकालो आफ्नो घर भएतिर लाँदै थिए। हिड़ूँदै-हिड़ूँदै बजरंगीले भने, "तिमीहरु सबै झुण्ड बाँधेर आएका छौ, यस कारण निश्चय पनि तिमीहरुको मनमा कुनै योजना होला।"

संजीवले भन्यो—"हो गुरुजी, हामीले साँच्चै नै एउटा योजना बनाएका छौं अनि यसलाई पूरा गर्न तपाईंको आज्ञा लिन आएका हौं।"

संजीबले विस्तारै आफ्नो योजना गुरुजीलाई सुनाउनथाल्यो। कुरा सुन्दै बजरंगी र शिष्यहरु टाकुरामा पुगे। आफ्नो घरको बधैंचाको फोहोराको दुइतिर पहलमानले ती दुइ ढुंगालाई मिलाएर राखे अनि भने—"भोलि यस्तै अरु दुइ ढुंगाका चोइटाहरु यहाँ ल्याउनेछु। फोहोराको चारैतिर बस्नलाई यी ढुंगाका चोइटाहरु चौकीजस्तै बस्नलायक हुनेछन्।" यसो भन्दै तिनी एउटा ढुंगामा बसे। बजरंगीले भने, "नानी हो, यो समय मेरो खाजा खाने समय हो, अब तिमीहरु पाने मसित खाजा खाऊ।"

पहलमानका शिष्यहरुलाई उनीसित खाजा खान साह्रै डर लाग्यो। बजरंगी पहलमान जति खान्थे, त्यति खाना ता ती नवयुवकहरु जम्मै मिलेर पनि खान सक्दैन थे। अनि पहलमानले तिनीहरुलाई कम्ति खाएकोमा जिस्काउने पनि गर्दथे। त्यस बेला शिष्यहरु लाजले

लत्रक्क पर्थे तर गुरुको आज्ञा नमान्ने साहस तिनीहरूसित थिएन। अरकच्च परेर ती सबै एका-अर्कालाई हेर्नथाले। बजरंगीले यसै बेला आफ्नो चाकरलाई सबैको निम्ति खाजा ल्याउने हुकुम गरे।

घाँसमाथि नै साना-साना पीरा राखिए। शिष्यहरुको निम्ति साना प्यालाहरुमा अनि पहलमानलाई ठूला थालमा एक थाक हलुवा र ठूलो गाग्रोमा दूध ल्याइए। आज उनले आफ्ना कुनै पनि शिष्यलाई अलिकता खाएकोमा जिस्काउने काम गरेनन्। जब सबैले खाइसके, पहलमान उठेर ढुंगाको चौकीमा बसे अनि शान्त बोलीमा उनले भन्न शुरु गरे, ''नानी हो, तिमीहरुको हिम्मत देखेर म आनन्दित भएँ। म चाहन्छु, मैले सिकाएको विद्या लिएर आफू बलवान् भई तिमीहरु आफ्नो देशको कल्याण गर। तर एउटा कुरा तिमीहरुले सँधै याद राख, केवल शारीरिक बल मात्रले मान्छेलाई जित्न सकिने होइन। जोशिलो हुनु राम्रो हो, शक्तिशाली हुनु झन् राम्रो हो, तर बुद्धिमान् हुनु सबैभन्दा ठूलो कुरो हो। जो बुद्धिमान् छैन, उसले सँधै नै हार्नुपर्दछ।''

बवलूले उठेर हात जोड़ी भन्यो–'गुरुजी, तपाईंको यो अर्ती हामीले यतिपल्ट सुनीसकेका छौं यदि हामीले यसलाई पालन गर्नसकेनौँ भने हामीभन्दा मूर्ख यो संसारमा अरु कोही हुनेछैन। अहिले हामी तपाईंबाट आज्ञा चाहन्छौं। तपाईंको आज्ञा पाएपछि लड़ाइँको योजना बनाएर मात्र यस कार्यमा हात हाल्नेछौं।''

केही जिस्काएको भान पार्दै बजरंगीले भने–''बरु तिमीहरुले योजना बनाएर नै मेरोमा आएको भए बुद्धिमानी काम हुने थियो। खैर, तिमीहरुको आँट बढ़ोस् भन्ने मेरो इच्छा छ अनि यसबाट तिमीहरुको शरीरको बलको पनि परीक्षा भइहाल्नेछ। म आज्ञा दिन्छु, तिमीहरु नाफाखोर र तस्करहरुसित लड़। साथ-साथै म तिमीहरुलाई केही चेतावनी पनि दिनचाहन्छु, यदि तिमीहरुले यसलाई भुलेनौ भने तिमीहरू निश्चय सफल बन्नेछौ। नानी हो, नाफाखोर र तस्करको संगठन विश्वव्यापी छ। ठूला-ठूला व्यापारीहरु, जो यस देशको सरकारसम्ममा प्रभाव पार्ने भएकाहरु छन्, यिनीहरुले नै यस्ता काम गराउँछन्। संसारभरिका कुख्यात गुण्डा, डाकू अनि हत्याराहरु यिनीहरुका काम गर्दछन्। यिनीहरुका जासूसहरुका जाल यति फैलिएका हुन्छन् कि यसबाट पार पाउन हम्मे पर्दछ। गुण्डा हरेक रूपमा भेटिन्छन्। धैरेजसोलाई हेर्दा भलादमी देखिने पनि हुन्छन्। तिनीहरु घुमी-घुमी सौदा बेच्ने दोकानेहरूमा छन्, क्लर्कहरुमा छन्, अफिसर र नेताहरुका भेषमा पनि छन्, यसकारण तिनीहरुलाई जाँच्नु र बुझ्नु एकदमै कठिन पर्दछ।

तिमीहरुले यदि यी सब कुरोलाई ध्यानमा राखेर योजना बनायौ भने सफल बन्नेछौ नत्र व्यर्थमा आफ्नो प्राण हराउनेछौ।''

संजू, बबलू, सिद्धार्थ, आलोक, अक्षय आदि सबै नवयुवकहरु आफ्ना छात्रावासतिर फर्के। तिनीहरुले आफ्ना अरु साथीहरुलाई पनि बोलाएर यो योजना सुनाए। संजूले भन्यो—''साथी हो, गुरुजीले हामीलाई यो हाम्रो पहिलो परीक्षा हो भनेका छन्, यसकारण हामी सबैले खूबै होशियारीसित विचार गरेर योजना बनाउनुपर्नेछ अनि यसअनुसार काम पनि गर्नुपर्नेछ।''

परितोषले भन्यो—''हामीले पहिलो परीक्षाको रूपमा ठूलो जिम्मावारी लिएका छौं। मलाई लाग्छ, पहिले हामीहरूले साना-साना परीक्षा दिनैपर्छ। यो काम खूबै कठिन छ। सबैले देखेका छौं, कुबेरपुरको बजारमा तस्करीमाल खुलमखुल्ला बिक्री भइरहेछ। पुलिसले ता केही गर्नसकेको छैन भने हामी अनुभवहीन केटाहरुले तिनीहरुलाई के समाप्त गर्नसकौँला।''

किंशुकले भन्यो—''परितोष भाइ, पुलिस र हामीमा फरक छ। हामी नयाँ संसारको निर्माण गर्न यहाँ बजरंगी गुरुकोमा शिक्षा लिन आएका हौं। यदि हामीले शुरुमा नै यो काम गरेर देखाउन- सक्यौं भने नयाँ भारत र नयाँ संसार निर्माण गर्नमा अझै आँट मिल्नेछ।''

परितोषले भन्यो—''लौ त, यदि सबैजना यही जोशमा छन् भने म पनि पछि फर्कने कुरा आएन। मेरो कुराको अर्थ हो, बरु हामी सबै मिलेर एउटा योजना बनाऔं, हामीले के-के गरे ठीक पर्ला ? मेरो सल्लाहमा हामीले सबभन्दा पहिले यिनीहरुको जासूसी गर्नुपर्नेछ।''

''हो त, यही कुरा नै भर्खरै गुरुजीले हामीलाई भनेका छन्। संजू, तिमीले पहिले गुरुजीको उपदेश सबैलाई सुनाइदेऊ त, त्यसपछि हामी सबै यसबारे विचार गर्ने काम शुरु गर्नेछौं।''

योजना बनियो। सभा गरिएको कोठामा पचासजना नवयुवकहरु भेला भइ रातिको तीन बजीसम्म साना-साना कुरालाई पनि ध्यान लगाई विचार गर्दै बसे, अनि सबैलाई आफ्नो-आफ्नो काम जिम्मा दिइयो। पहिले पाँचजनालाई जासूसी गर्न बजार पठाइयो। जासूसी कार्य शुरु भएको चार दिन बित्दा नबित्दै ती चारैजना हराए। बजरंगी पहलमानलाई सूचना दिनअघि सबैले बड़ो होशियारीसाथ प्रत्येक गल्ली, जंगल-पहाड़ छाप-छाप्ती खोजे तर तिनीहरुले आफ्ना साथीहरुलाई खोजेपछि गुरुजीलाई भेट्नैपर्छ भन्ने निधो गरे। त्यसै दिन जंगल बाट निस्कँदा-ननिस्कँदै पछिल्लो लामका चारजना साथीहरु हराएको पाए।

शहरमा हल्ला फैलियो। बजरंगी पहलमान तर्से, अहिलेसम्म त शिष्यहरुको मात्र प्रश्न थियो तर अब त स्वयं विश्वविख्यात बजरंगी पहलमानको प्रतिष्ठामा कलंक लाग्ने सम्भावना थियो।

पाचौं दिन बिहानै आठबजी एउटा हेलिकप्टर कुबेरपुरको आकाशमा आफ्नो आवाज सुनाँउदै उड्नथाल्यो। त्यो निकै तल-तल उड़ीरहेको थियो। शहरमा धैरैपल्ट चक्कर काटेर त्यस हेलिकप्टरले नागरिकको मनमा एउटा कौतुहल उत्पन्न गर्‍यो। यति बेरसम्म त्यो आकाशमा उड्नाको कारण आखिर के हो भन्ने सबैलाई लाग्यो। आधा घण्टा चक्कर लगाएपछि त्यो हेलिकप्टरले बजरंगी पहलमानको घरमाथि पुगेपछि अर्को नयाँ करतब देखायो। हेलिकप्टरको मुन्निल्लो भागबाट एउटा गह्रौं पोका त्यसरी नै तल झर्नथाल्यो, जसरी लड़ाकू हावाजहाजहरुले बम खसाल्ने गर्दछन्।

बजरंगी पहलमान आफ्नो घरको हरियो आँगनको फोहोरोछेऊमा आफूले ल्याएको ढुंगाको चौकीमा बसेर यो तमाशा हेरीरहेका थिए। बितेको रातदेखि नै उनी सुर्तामा परेका थिए, यो हावाजहाजको आवाजले उनलाई अझ दिक्क पार्‍यो।' हावाजहाजबाट त्यो पोका झर्दा उनलाई शंका भयो, कत्तै उनको घरमाथि नै दुश्मनले बम ता झारेको होइन भन्ने। चंखो भएर उनी उभिए। त्यस बेलासम्ममा त्यो पोका निकै तल आइसकेको यियो, जसको डोरी हावाजहाजमा बाँधिएको थियो। त्यो पोका तल झर्नासाथ त्यहाँबाट 'गुरुजी', 'गुरुजी' भन्ने आवाज सुनेर बजरंगी झन् छक्क परे।

उनले देखे, त्यस जालीमा उनका दसजना शिष्य थुना परेका चराहरुजस्तै उनलाई देखेर अझ छट्पटाइरहेका थिए। त्यो जाली निकै तल थियो यस कारण पहलमान त्यसलाई समात्न झम्टेर अघि बढे तर त्यति नै बेला हेलिकप्टर माथि सर्‍यो र बन्धनमा परेका ती शिष्यहरुको जाली पनि हल्लँदै-हल्लँदै पहलमानदेखि टाड़िँदै गयो। हावाजहाजले फेरि आकाशमा चक्कर लगायो। सारा शहरले यो तमाशा हेर्‍यो। हेलिकप्टरको माथि-तलको उड़ाइले त्यो प्लास्टिकको जालीदार पोका पनि हावामा जोड़सित हल्लन्थ्यो अनि दर्शकहरुलाई लाग्य्यो कि त्यो डोरी अब चुड़िँयो अनि पहलमानहरुका कलिला हड्डी अब चूर भयो, अब चूर भयो। तर यस्तो केही भएन। केही समयसम्म यो तमाशा देखाएपछि त्यो जालीदार पोका आफै माथि सर्‍यो र हेलिकप्टरको भुँडीमा यसरी टयाप्प टाँसियो, जसरी कंगारूको भुँड़ीमा त्यसको नानी टाँसिएर बस्दछ।

हेलिकप्टरको जालमा फँसेका ती दसैजना शिष्यहरुकालागि परीक्षाको यो सबभन्दा साह्रो समय थियो। जतिञ्जेलसम्म हेलिकप्टरले तिनीहरुलाई हावामा झुण्डाएर कुबेरपुरका बासिन्दाहरुलाई यो खेल देखाइरस्यो, त्यतिञ्जेलसम्म तिनीहरुले आफूलाई सुलीमा चढेको

अनुभव गरे। ती नवयुवकहरुले सोचे, "के हामी सबैलाई विवश पारेर मार्न चाहन्छ ? हाम्रा गुरुजीलाई अपमानित गर्न चाहन्छ ?" सबैले मतो गरे, बरु तिनीहरु ज्यान त्याग्नेछन् तर मुखबाट एउटा सुस्केरासम्भ निकाल्नेछैनन्।

छलद्वारा बेहोश पारी तिनीहरूलाई बन्दी गराइएको थियो। सारा रात तिनीहरुलाई एउटा मशिन भएको ठाउँमा राखिएको थियो, जहाँ खूबै गर्मी थियो। त्यस मशिनबाट डरलाग्दा आवाजहरु निस्कन्थे। रंग-विरंगका ज्वाला निस्कन्थे अनि त्यस ज्वालाले गर्दा कोठा अझ गरम हुन्थ्यो। तिनीहरू तिर्खाले व्याकुल बन्थे। शरीरबाट यति पसिना निस्कन्थ्यो कि तिनीहरुलाई लाग्थ्यो, अब पसिना भएर सारा शरीर नै बग्नेछ। लाउडस्पीकरबाट तिनीहरुले एउटा आदेश सुने, माफ मागेर अब उप्रान्त जासूसी गर्ने छैनौं भनेर लेखेर दिए तिनीहरु मुक्त बन्नेछन्। सबै नवयुवकहरुले एक आवाजमा आफ्नो प्राण दिने तर अत्याचारीहरुको अधि यस्तो वचन पटक्कै नदिने भन्ने जनाए। सारा रात भोक र तिर्खाले सताए पनि तिनीहरुका मुखबाट एक अक्षरसम्मको उच्चारण हुनसकेन।

बिहानै तिनीहरुलाई कोठाबाट निकालियो। तिनीहरुका आँखामा कालो पट्टी बाँधेर हेलिकप्टरको जालीमा हालेपछि आँखाका पट्टी हटाइए। जालीमा बसाउनअधि तिनीहरुलाई पानी पिउने कृपा दुश्मनबाट भएको थियो। हावाजहाज उड्दा तिनीहरु एका-अर्कासित ठोकिन्थे, एक-अर्कामाथि लड्थे, टाउको ठोकिएर हुरुक्क हुन्थे। तिनीहरुलाई आफ्नो हड्डी चूर-चूर भयो भन्ने लाग्दय्यो। यत्रो कष्ट सहनुभन्दा बरु मृत्यु आओस् भन्ने तिनीहरु सोच्थे।

तिनीहरुको यस्तो हालत देखेर कुबेरपुरका बासिन्दाहरु दुःखी भए, न तिनीहरुले केही खान सके, न केही पिउन सके, न ता कुनै काममा तिनीहरूले मन दिन नै सके। तिनीहरू कुरा गर्थे, यस्ता कलिला युवकहरुमाथि यस्तो अत्याचार गर्ने दुश्मन को होला ? बजरंगी पहलमानले आफ्ना शिष्यहरुलाई मुक्त गर्न सक्लान् ? धेरैजना आफ्नो मनको यो पीर सुनाउन बजरंगी पहलमानको घर पनि गए। सेठ मानकचन्द पनि त्यस बेला बजरंगीसितै थिए।

बजरंगीले सबैलाई भने—"दुष्ट व्यक्तिले अरुलाई कष्ट दिन्छ नै, तर त्यो कष्ट पाएर हामी अतालिनुहुँदैन। रावणले रामजीलाई के कम कष्ट दिएको थियो र ? अन्तमा रामजीले नै जिते। यसैकारण अहिले हामी अतालिनु हुँदैन। एक न एक दिन रामजीको दयाले म यी दुष्टहरूको नाश गर्छु नै।"

हावाजहाजमा आफ्ना साथीहरु झुण्डाइएको देखेर बजरंगीका अरु शिष्यहरुको हृदयमा

पनि यस्तै उग्र विचारले जन्म लिइरहेथ्यो। तिनीहरुले आपस्तमा सल्लाह गरे कि कुनै हालतमा पनि तिनीहरु तस्करहरुको जासूसी गर्न छोड्नेछैनन्। . ीहरुका टुंगोको पत्ता लगाएर आफ्ना साथीहरुलाई मुक्त गर्ने निश्चय गरे। पाँचजना फेरि ‌.सूसी गर्न शहर पसे तर बेलुकासम्म पनि तिनीहरु फर्केर नआउँदा सबै अतालिए। बजरंगी पहलमानलाई यो खबर दिन दौड़े तर पहलमान घरमा थिएनन्। उनी कहाँ गए, कसैलाई यसको पत्तो थिएन।

बजरंगी पहलमान आफ्नो घरको भित्र बनिएको सुरुंगबाट जंगलमा भएको रामगुफातिर जाँदै थिए। पहलमानको घर जुन टाकुरामा छ, त्यस्को ठीक तल नदी बहन्छ। यही नदीको किनारमा हात्ती-बन छ। यो जंगल खूबै ठूलो छ। यहाँ जंगली हात्तीको धेरैवटा दल बस्दछन्। धेरै वर्षअघि एकपल्ट पहलमानको हात्तीसित लड़ाइँ भएको थियो। पहलमानले कतिपय हात्तीलाई पछारी-पछारी घाइते बनाएका थिए। त्यसै समयदेखि ती जंगली हात्तीहरु पहलमानसित केही दच्कन्थे। पछि सबै हात्ती पहलमानका मित्र भए अनि पहलमानलाई श्रद्धा गर्नथाले। हात्तीका ती दलहरुमा केवल दुइटा दल ठूला र बलिया दल मानिन्छन्। बजरंगी पहलवानले एक दलका सरदार हात्तीलाई गणेश र अर्को दलका सरदार हात्तीलाई विघ्नेश नाम राखेका थिए। ती दुवै सरदारहरु रामगुफाको मुखमा नै बसोबासो गर्दछन्।

रामगुफामा कुबेरपुरका कुनै राजकुमारले तपस्या गरेर रामको दर्शन पाएका थिए भन्ने किवंदन्ती यहाँ फैलिएको छ। गुफाभित्र हनुमानजीको एउटा ठूलो मूर्ति स्थापित छ। हनुमानजीले आफ्ना दुवै काँधमा राम र लक्ष्मणलाई बोकेका छन्। पहलमान नदीमा नुहाइकन रामगुफामा बजरंगबलीको पूजा गर्न जाने गर्दथे, तर नौरंगी स्वामीले आफ्ना कुनै इंजिनियर चेलाद्वारा पहलमानको कोठादेखि नदीको फेदी हुँदै रामगुफासम्मको सुरुंग बनाएका थिए। यो सुरुंग यति ठूलो थियो, पहलमानले इच्छा गरे उनी आफ्नी घोड़ी बिजलीमा चढ़ेर यहाँबाट रामगुफा पुग्थे। उनको यो मार्ग खूबै उपयोगी थियो अनि कसैलाई यसको पत्तो पनि थिएन। बजरंगी पहलमान यही सुरुंगबाट भएर जंगलमा आफ्ना हात्ती मित्र गणेश र विघ्नेशसित भेट गर्न जाने गर्दथे।

रामगुफाको अघि गणेश र विघ्नेशलाई बसाएर बजरंगी पहलमान यिनीहरुसित कुरा गर्दै थिए। दुवैले आफ्ना सुँड़ पहलमानको दुइ काँधमा अड़ाएर राखेका थिए र यी दुवैसित पहलमान मानिससित कुरा गरेझैं बात गरिरहेका थिए। ती हात्तीहरु पहलमानको कुरामा सहमत हुँदा सुँड़हरुमा केही कम्पन उत्पन्न भएको पहलमान अनुभव गर्दये औ असहमति जनाउँदा ती आफ्ना सूँड़ पछार्थे, त्यसबाट नै पहलमान घोर विरोध रहेको कुरा बुझ्दथे।

पहलमान ती दुवैलाई बुझाइरहेका थिए—"सुन गणेश, सुन विघ्नेश, रातिको तीन बजी तिमी दुवै आफ्नो-आफ्नो दल लिएर कुबेरपुरमा पुग्नु। शहर पुग्दा जुन पहिलो सड़क भेटिन्छ, त्यो सड़कबाट नजानु। अलिक पर एउटा चौबाटो भेट्नेछौ। त्यो चौवाटो पार गरेर अघि भेटिने बजारको सड़कमा पुगेपछि ठूलो-ठूलो आवाजमा कराउनु। तिमीहरूको आवाज यति जोड़को होस, सारा शहरबासी तर्सून्। त्यस बजारको जुन-जुन दोकानको अघि फोहोर-मैलाको थाक भेट्छौ, त्यस दोकानलाई निमिट्यान्न पारीदिनु। त्यस दोकानका मालिकहरु साह्रै पापी छन्। तिनीहरुको पापलाई सारा शहर घृणा गर्दछ। तिनीहरुले शास्ति पाउनै मर्दछ। तर गणेश, तिमीहरुले एउटा कुराको ध्यान राख्नु, तिनीहरुका दोकानका चीजहरुलाई नष्ट नगर्नु, खालि यता-उता छरि मात्र दिनु। शहरका धेरै गरीबहरुसित लुगा छैन। ती गरीबहरुले लुगाहरु लुटेर लगे, तिनीहरुको ठूलो उपकार हुनेछ। यी दुष्टहरुले औषधी, लुगा अनि दिन्हौं चाहिने आवश्यक सामानहरुमा नगरका बासिन्दालाई व्याकुल पारी-पारी पौलो कालो धन जम्मा गरेका छन्। गरीबहरुको भलाइ होस् औ पापीहरुको क्षति होस् भन्ने ठानेर नै तिमीहरुले दोकान भत्काएर सारा मालमत्ता सड़कमा छरपस्ट पारीदिनु। तर तिमीहरु बजारको चौबाटोसम्म मात्र पुग्नु। त्यति नै बेला म त्यहाँ आइपुग्नेछु। जति बेला म चिच्याउँदै तिमीहरुलाई घुस्सा देखाउँला, तिमीहरु डराएको भान पार्दै फरक्क फर्केर भाग्नु। कुनै घरको छत या सिकुवाबाट कुनै दुष्टले तिमीहरुलाई गोली हिर्काएर घाइते बनाएको म हेर्न- सक्दिनँ। तिमीहरुको काम केवल आतंक फैलाउनु मात्र हो। त्यसपछि के गर्नुपर्छ म जान्दछु।" गणेश र विघ्नेशले आफ्ना सुँड़ बजरंगीको छात्तीमा थप्थपाएर कुरालाई समर्थन गर्दछन्। पहलमान अत्ति खुशी भए। गुफाभित्र पसेर फेरि सुरुंगको बाटोबाट आफ्नो घर फर्के।

उनी घर पुग्नासाथ उनकी स्वास्नीले सोधिन—"तपाईं कता जानुभएको थियो ? दुश्मनले अझै पाँचजनालाई पकड़ेर लगे।"

बजरंगीले भने—"आफ्नो पापको घड़ा भरून तिनीहरुले ! एक-न-एक दिन यी दुष्टहरुसित म बदला लिएरै छोड़ूछु। तिमी चिन्ता नगर। अब म यस घरको भित्री भागलाई मशिनको सांगलोले घेरेर राख्नेछु, तिमीमाथि कसैले आक्रमण गर्नसक्ने छैन।"

यति भन्दै पहलमानले बिजुलीको बोर्ड छेऊमा गएर मेन स्वीच उठाए। घर्र-घर्रको आवाजसित घरबाहिर देवालको चारैतिर भूइँमुन्तिरदेखि मोटा-मोटा फलामका रडहरु निस्केर आए। उनले आफ्नो घरको छप्परलाई पनि सुरक्षित पारे। सुरक्षाको निम्ति बजरंगीले आफ्नी

पत्नीको निम्ति मानौं एउटा झयालखाना नै तयार पारे। बजरंगी बाहिर आएर सब्जी बेच्नेहरुका चौधरी घरको ढोका ढक्ढकाउन पुगे। सुलेमान चौधरी बजरंगी पहलमानको खूब इज्जत गर्थे। ती दुवै एकै उमेरका थिए। दुवैले एउटै गुरुबाट कुश्ती सिकेका थिए।

बजरंगीको ख्याति फैलँदा सुलेमान चौधरी बड़ो गर्व गर्दथे। चौधरीले पहलमानलाई देख्नासाथ अंगालो हाले औ घरभित्र लिएर गए। कोठाभित्र पसेपछि बजरंगीले कोठाको ढोकामा आग्लो लाए। फेरि सुलेमानलाई भन्न थाले–"तस्करले पक्ड़ेर लगेका नानीहरुले साह्रै दुःख भोगीरहेका छन्। तिनीहरुको उद्धार गर्नु छ।"

सुलेमानले भने–"गुरु, मैले गर्नसक्ने कुनै सेवा भए मलाई भन है। तिम्रो लागि ता म प्राणसम्म अर्पण गर्नसक्दछु। म जान्दछु, तस्करीको धन्दालाई शहरका तीन व्यक्तिहरूले संचालन गर्दैछन्। एउटा हो अकबर भाइ सालेह भाइ फर्म भएको, दोस्रो हो करोड़ीमल बैजनाथ अनि तेस्रो........"

बीच्चैमा कुरा काटेर बजरंगीले भने–"मलाई सब थाहा छ सुलेमान, यसै कारण म चाहन्छु, आज रातिको बाह्र बजेपछि मेहतरलाई तिमीले बजारमा झाडू लगाउन लगाइदेऊ अनि मैला जत्तिलाई चार भागमा बाँड़ेर एक-एक थाक अकबर भाइ, करोड़ीमल, घाँसीमल औ मुन्नेलाल केमिस्टको दोकान अघि राख्न लगाइदेऊ। तर कसैको कानमा यो खबर नपुगोस्।"

सुलेमानले भने–"चिन्ता नगर गुरु, जसो तिमीले भनेका छौ, म त्यसै गर्नलाउनेछु।"
"यिनीहरुका ठूला गोदाम कहाँ छन्, कहाँबाट माल ल्याउने गर्दछन्, यसको जासूसी गरेर मलाई भन्नसक्यौ भने सुलेमान मेरो ठूलो भलाइ हुनेछ। जहाँ यिनीहरुका मुख्य अड्डा होला, मेरा नानीहरु पनि त्यहीं बन्दी भएर बसेका होलान्।"

सुलेमानले भने–"धेरै कुरा ता म जान्दीन गुरु, तर एकपल्ट भलाई नत्थनपहलमानले यिनीहरुको अड्डा हात्ती-बन भित्र कता छ भनेको थियो। तर त्यहाँ पुग्न अप्ठ्यारो छ। भनिन्छ, त्यहाँको बाटो साह्रै सुनसान र नराम्रो छ रे'। हात्ती र अरु जंगली जानवरदेखि बाँचेर कसरी यिनीहरु ओहोर-दोहोर गर्छन्, त्यो हामीलाई थाहा छैन।"

"हात्तीबनमा यिनीहरुको अड्डा छ भने म निश्चय पत्ता लगाउनसक्नेछु, लौ यो पचास रुपियाँ तिमी राख। मेहतरहरुलाई काम लगाएपछि ज्याला र इनाम पनि ता दिनुपर्‍यो। यो कुरा कत्तै हल्ला नगर्नू भनेर तिमीले तिनीहरुलाई भन्नू।" नोट फर्काएर सुलेमानले भने–"बजरंगी गुरु, हामी सँगै पढ़ेका-खेलेका हौं। हामीलाई तिमीमाथि गर्व लाग्दछ। तिम्रो पैसा तिमी नै राख।

राम्रो काम गर्दा मेरो दुइ-चार पैसा खर्च भए म गरीब हुने होइन। मेरा भाइ, केही भलाइको काम गरेर म पनि मज्जा लुटुँन कि तिमी मात्र सबै मज्जा लुट्ने ?''

सुलेमान चौधरीसित कुरा मिलाएपछि बजरंगी घर फर्के अनि उनले आफ्नो कमरामा लगाइएको वायरलेशद्वारा नौरंगीसित बात गरे। जम्मै खबर उनले नौरंगीलाई सुनाए।

स्वतन्त्र टापूका राष्ट्रपति महामहिम नौरंगी स्वामीले रेडियो-फोनमा भने—''दाइ, मलाई यस्तो लाग्दैछ, यसबाजि तपाईका कति दुश्मन मिलेर तपाईलाई लड़ाउने कोशिस गर्दैछन्, तपाईं होशियार बस्नुहोला। तपाईंको अपमान गर्नालाई कुनै दिन यिनीहरुले मेरी भाउज्यूसम्मलाई पनि गायब गर्नसक्लान्। यसकारण मैले बनाएको त्यो जाली तपाईंले घरमा अवश्य लगाउनुहोला।''

''तिमीले भन्नअघि नै मैले त्यो काम गरिसिद्धयाएँ, नौरंगी। तर त्यो हावाजहाजसित म कुन प्रकारले युद्ध गरूँ भन्ने प्रश्नले पो मलाई सताँउदै छ।''

नौरंगी स्वामीले भने—'भोलि म तपाइँलाईं मेरो अदृश्य हुने अलोपी हावाजहाजहरु पठाइदिनेछु। हावाजहाज़को आक्रमणबाट मेरा अलोपी हावाजहाजहरूले तपाईं र कुबेरपुरको रक्षा गर्नेछन्। मेरा यी हावाजहाजहरुबाट न ता कुनै आवाज उत्पन्न हुन्छ, न ता कसैले यसलाई देख्न नै सक्दछ। तपाईं नअतालिनोस, जति सक्दो चाँड़ो म पनि कुबेरपुर आउने कोशिस गर्नेछु।''



रातिको तीन बजेसम्म कुबेरपुरको चारलाखे बजारमा उग्र हात्तीहरूको गर्जन सुनियो। यो आवाज यति डरलाग्दो थियो कि सारा शहर नै तर्सेर बिउँझ्यो। चारलाखे बजार- का ती चार दोकानको धेरै खति भयो, जहाँ बजरंगीले मैलाको थाक राख्न लाएका थिए। यी दोकानहरुमा कुनै दोकान बाहिरबाट हेर्दा नानीहरूका खेल्ने कुरा बेच्ने दोकान देखिन्थ्यो तर भित्रबाट जापानी साड़ी र घड़ीहरुको भण्डार निस्क्यो। हात्तीहरुले सबै चीज तानी-तानी सड़कमा फिँजाइ दिएका थिए। कुनै दोकानबाट औषधीको यस्तो थुप्रो निस्क्यो, जुन औषधी बजारमा छँदै छैन भन्ने पारिएको थियो। घड़ी, फाउन्टेन पेन, रेडियो सेट, नाइलोन आदि हजारौं रुपियाँका चीजहरु सड़कमा छरपस्ट भए। बजारको माथिल्लो भागमा बस्नेहरु खूबै तर्सेर तलका दृश्य हेरीरहेका थिए।

''यी जंगली हात्तीले कत्तै घर हल्लाएर लड़ाउने ता होइनन् ! ईश्वर जान्दछन्, के हुने हो !'' यही सोच्दै प्रजाजन सबै डराएर उभिएका थिए। साह्रै डर लागेकोले तिनीहरु चिच्याउनसम्म नसक्ने भएका थिए। हात्तीको दल मानकचन्द म्यूजियमको चौबाटोसम्म मात्र के पुगेको थियो, पूर्व घोषित योजनाअनुसार बजरंगी पहलमान कराउँदै त्यहाँ पुगे। तिनी साह्रै डराएर माथिल्लो तलाबाट यो दृश्य हेरिरहेका थिए र आफ्ना सिपाहीहरुलाई गोली चलाउन आदेश दिनआँटेका थिए, यति नै बेला बजरंगीको गर्जन सुनेर तिनी अड़िए।

बजरंगीलाई आउँदै गरेको देखेर गणेश, विघ्नेशले आफ्ना-आफ्ना सुँड़ तल झारेर जोड़ संग गर्जन गरे र पछि फर्केर दगुरे। सबै हात्तीहरु झट्ट तिनीहरुसितै फर्के। गरीब-दुःखी, मध्यमवर्गका कम्ति तलबमा नौकरी गर्नेहरु अनि चंचले ठिटाहरुले घड़ी, फाउन्टेन पेन, नाइलोन आदिलाई सड़कमा छरपस्ट भएको देखेपछि लुट्न झुम्मिए। सेठ अकबर भाइ कुदेर आए।

''कसैले मेरो मालमा हात लगायो भने म गोली चलाउने छु। म एक एकलाई बर्बाद गरिदिनेछु।''

तिनको यस्तो कुरा सुनेपछि साधारण जनता उल्टा तिनलाई नै सुनाउनथाले, ''तिम्रो ता पंसारीको दोकान पो हो ता, यी यति थुप्रै रेडियो, घड़ीहरुचाँहि कहाँबाट आए ?''

चारैतिर यस्तो होहल्ला भयो कि अकबर भाइलाई भाग्न कर लाग्यो। बजरंगीलाई देख्ना-साथै हात्तीहरु भागे भनेर सबैले उनको प्रशंसा गर्नलागे। सेठ मानकचन्दले पहलमानलाई आफ्नो हवेलीमा लगे। आफ्ना नोकरहरुलाई तिनले पहलमानको निम्ति खाजा ल्याउने आदेश दिए। एक मन मिठाई, चार मन निम्की अनि दस मन दूध ल्याउने हुकुम भयो।

बजरंगीले भने–"मानक, मलाई भोक लागेकै छैन र अहिले म केही खान्नँ।"

मानकले भने–"हो भाइ साहब, म तपाइँको चिन्ता बुझ्दछु, दुश्मनले तपाईंका पन्द्रहजना चेलालाई पक्ड़ेको छ। मलाई त आज पनि त्यो हावाजहाज आएर तमाशा देखाउँछ जस्तो लाग्दैछ।"

बजरंगीले भने–"चिन्ता गर्ने कारणै छैन, दुश्मनलाई जस्तो मन पर्छ, त्यस्तै गर्नदेऊ।"

"तर भाइ साहब, तपाईंका यति थुप्रा चेललाई पक्ड़ेर लगी तिनीहरुमाथि अत्याचार गरिँदैछ औ केही गर्नु सक्नुहुन्न, यो त साह्रै लाजमर्दो कुरा भयो। तपाईंले भर्खरै त 'विश्व रत्न' को उपाधि पाउनुभएको छ, त्यसमा पनि त दाग लाग्ला। मानिलिनुहोस्, दुश्मनले तपाईंका पचासै चेलाहरु लगे अरे, त्यसपछि के होला ? ती नवयुवकहरु भारतभरिबाट आएका छन्, यस कारण एकै क्षणमा यो खबर खबरकागजमा छापिने छ। सारा संसारका गुण्डाहरु तपाईंको असफलता देखेर हाँस्नेछन्। मलाई त साह्रै झोंक चल्दैछ, भाई साब। म त सानैदेखि नै मेरा पूज्य गुरुजी नौरंगी स्वामी र तपाईंको सेवा गर्दै आएको छु। म त आफूलाई तपाईंकै घरको सदस्य ठान्दछु। यस कारण मलाई साह्रै दुःख लागीरहेको छ।" सेठ मानकचन्दले यस्तै प्रकारका कुराहरु गरी नै रहे तर बजरंगी पहलमानले केही उत्तर दिएनन्।

हिड्ँने बेलामा उनले केवल यति मात्र भने–"मेरो इज्जत रामजीको हातमा छ मानक। बजरंगी त रामजीको दास मात्र हो।"

"तर यी तरकर र गुण्डा राम-श्यामलाई केहीजस्तो ठान्दैनन्, भाइ साब। तिनीहरुले तपाईंलाई खूब सताउनेछन् ! कसै गरेर पनि तपाईंले जित्न सक्नुहुन्न नै। तपाईंलाई इज्जत गरेकोले नै म यति कुरा तपाईंलाई सुनाउँदैछ।"

बजरंगीले भने–"म सबै काम भगवान्‌माथि भरोसा परेर नै गर्दछु। भगवानले नै मेरो इज्जत लिनचाहन्छन् भने लिन्छन् नै। तिमी किन सुर्ता गर्छौ ?" यति भनेर बजरंगी हिंड़े। आफ्ना शिष्यहरुलाई उनको आज्ञा नपाएसम्म घरबाट बाहिर ननिस्कनु भन्ने आदेश दिए र घरको घेराबन्दी गरे।

आफ्नी स्वास्नीको कोठामा गएर उनले भने–"म सुरुंगको बाटो भएर जाँदैछु, मलाई फर्केर आउन धेरै दिन लाग्ला। म फर्केर नआउन पनि सक्छु।"

उनकी स्वास्नीले तर्सेर भनिन्–"यस्तो लोदर किन बोल्छौ ? तिम्रै राशिको देउताले मेरो सिन्दुरको रक्षा गर्नेछन्।"

"मैले अतालिएर यो कुरो भनेको होइन। मेरो काम नै यस्तो छ र तिमीले बड़ो होशियारसित बस्नु- पर्नेछ। तिमी खालि तिम्रो तुलसीको बोटमा दिन्हौं पानी हाल्दै बस, यसबाट नै मेरो सञ्चो-सुविस्ताको खबर तिमीले पाइरहने छौ। म ठीक रहे तुलसी मुमा पनि हरियो रहनेछिन्। जब म कुनै खतरामा हुन्छु, तुलसी ओइलिनथाल्छिन् अनि रामजीको इच्छाले म मरें भने तुलसी पनि सुक्नेछिन्। यस कारण जब तिमी तुलसीलाई ओइलिएको देख्छौ बेतारको फोनबाट तिम्रो देवर नौरंगीलाई खबर गरिदिइहाल्नू।"

बजरंगीकी स्वास्नीले उनलाई टीका लगाइदिइन्, आरती उतारिन्, विजयमाला पहिराइदिइन् अनि आफ्ना खल्ती-तोप, विषालु हात्ते बमको झोला, डोरी, पिस्तोल, तरवार बोकी बिजुलीमा चढ़ेर सुरुंगको बाटो उनी जंगलतिर लागे। गुफामा पुगेर उनले बिजुलीलाई बाहिर निकालीदिए। हनुमानजीको पूजा गरेपछि आफ्ना मित्र गणेश र विघ्नेशलाई भेट्न गए। तीनैजना फेरि त्यसरी नै रुखको छहारीमा बसेर कुरा गर्नलागे।

बजरंगीले भने—"गणेश, यो जंगलको पश्चिमपट्टिको दलदले ठाउँबाहिर म सबैतिर गएको छु, कुनै घर या गुप्त अड्डा मैले ता कहिल्यै देखिनँ। के पश्चिममा तिमीहरुले यस्तो कुनै वस्तु देख्यौ ?"

कुरा सुनेपछि विघ्नेशले सुँड़ पछार्‍यो। उ तुरुन्तै उठेर उभियो। उसको फुर्ती देखेर बजरंगीले अड़कल काटे, निश्चय पनि विघ्नेशले यस्तो ठाउँ देखेको हुनुपर्छ, सब्जीवालाहरुका चौधरीले भनेको कुरा साँचो हुन पनि सक्दछ। उनी फट्ट उफ्रेर विघ्नेशको काँधमा चढ़े। उनलाई बोकेर भूइँ थर्काउँदै विघ्नेश हिड़्यो। हात्तीबनको पश्चिमपट्टि एउटा दलदले ठाउँ थियो। धेरै वर्ष अघि बजरंगी त्यता गएका थिए। त्यो ठाउँ यति सुनसान र धोका दिने खालको भएकैले मानिस त के पशुहरु पनि मुख्य तौरले त्यतातिर जाँदैनथे। विघ्नेश दगुर्द-दगुर्दै गएर एउटा पहाड़को टाकुरादेखि यस्तै एक माइल तल एक ठाउँमा टक्क अड़ियो।

बजरंगी पहलमानले आफ्नो झोलाबाट दूरबीन निकाले र विघ्नेशको आँगबाटै एउटा अग्लो रूखमा चढ़े। एउटा गतिलो हाँगामा बसेर उनले दूरबीनबाट हेर्नथाले। एक माइलजति टाड़ामा भएको त्यो पहाड़ उनलाई केही अनौठो लाग्यो। त्यो पहाड़ भूइँबाट ता पहाड़जस्तै देखिन्थ्यो, कारण, यसको फेदमा बाक्लो जंगल थियो तर जब उनले यसलाई माथिबाट हेरे, तब उनी तीन छक परे।

कसैले त्यो पहाड़लाई अंग्रेजी अक्षर 'टी' जस्तै बनाएर काटेको थियो। 'टी' को माथि

पहाड़को चुचुरा मात्र आफ्नो असली आकारमा खड़ा थियो। त्यस पहाड़का रहल हिस्सामा मान्छेको हातले अचम्भको काम गरेको थियो। टाकुराको दाहिनेपट्टि बनाइएको चौड़ादार ठाउँमा चारवटा हेलिकप्टर थिए। बजरंगीले त्यहाँ मान्छेहरुको केही चहल-पहल पनि देखे। उनले टाकुरामा एउटा दैलो पनि देखे, जहाँबाट मान्छेहरु ओहोर-दोहोर गरिरहेका थिए !

"यो त बदमाशहरुको अड्डा पो रहेछ" भन्ने सोचे बजरंगीले। अजन्ता-इलोराका गुफा काट्ने कारीगरले आफ्ना मेहनतद्वारा त्यो जड़ पहाड़लाई भगवान्को अचम्भको मंदिर बनाएका थिए, तर यसको ठीक उल्टा चमत्कार देखिँदैथ्यो। तिनीहरुले सिंगै पहाड़लाई तलबाटै काटेका थिए। एउटा दरिलो आधार-स्तम्भ बनाई पहाड़को चुचुरामाथि चारपाटे छप्पर जस्तो बनाएर हेलिकप्टर उतार्ने अड्डा यहाँ बनाइएका थिए। त्यो टाकुरालाई छोड़ेर तलबाट हेर्दा ठूलो धोकामा परिन्थ्यो। यसको भित्र निकै चोठा-कोठा होलान् भन्ने उनले सोचे अनि यसको आधार-स्तम्भमा पनि यस्तै कारीगरी भएको हुनुपर्छ भन्ने उनले ठाने, 'मेरा नानीहरु यहीं लुकाइएका होलान्। म त्यहाँ कसरी पुगूँ ? यो डरलाग्दो दलदल पार गरेर त्यहाँ पुग्न असम्भवजस्तै छ।"

रूखका पातहरुमा छेलिएर बजरंगीले यस्तै के-के सोच्दै थिए, त्यसै बेला त्यो टाकुराबाट एउटा हेलिकप्टर उड़ेर केही समयमा उनको टाउकोमास्तिर हुँदै कुबेरपुरतिर हानियो। त्यो त्यही हावाजहाज थियो, जसमा नाइलोनको जालीदार पोका टाँसिएको थियो। भर्खरै हराएका नानीहरु नै त्यहाँ बन्द गरिएका होलान् भन्ने उनले ठाने। हात्तीको घटना घटेपछि पनि आज यो शत्रुको हावाजहाजले कुबेरपुरका बासिन्दाहरुलाई फेरि हिजोजस्तै तमाशा देखाउने नै रहेछ। हेलिकप्टर जंगलमाथि पुग्दा त्यहाँका हात्तीहरुको झुण्डमाथि बम खसायो। यसले गर्दा जंगलका सारा हात्तीमा होहल्ला भयो। अब वजरंगीलाई सुर्ता पर्‍यो। आफ्ना चेलाहरुलाई बचाउनुपर्ने चिन्ता ता उनलाई छँदैथियो, अव यी हात्तीहरूको बारेमा पनि उनलाई सुर्ता भयो।

उनले सोचे, "निश्चय पनि यिनीहरु हात्तीसित बदला लिनेछन्। मेरै कारणले यी सोझा जन्तुहरुले पनि दुःख भोग्नुपर्नेरहेछ। अब म के गरूँ, जसद्वारा यी मेरा साथीहरुको रक्षा हुनसकोस् ! नौरंगीको अलोपी हावाजहाज कत्ति बेला यहाँ आइपुग्ने हुन् ? त्यतिञ्जेल म के गरूँ ? यस्तै सोच्दा-सोच्दा अन्तमा बजरंगी यही नतिजामा पुगे कि उनी त्यो टाकुरामा नपुगेसम्म कुनै तरीका अप्नाउन सकिनेछैन। "मैले त्यहाँ पुग्नपाएँ भने त्यहाँका हावाजहाजहरुलाई धक्का दिँदै दलदलमा झारिदिनसक्नेछु। त्यहाँ म यस्तो उपद्रव गर्नेछु कि शत्रुहरु हताश बन्नेछन्। तर म त्यहाँ कसरी पुग्नसक्छु ?"

बजरंगी पहलमान रूखबाट तल ओर्ले अनि विघ्नेशको पीठ्यूँमा सुतेर कानमा बिस्तारै भने, ''विघ्नेश, यो दलदलमा गहिराइ कम्ति भएको ठाउँ कत्ते छ ?'' विघ्नेशले घाँटी यताउता हल्लायो।

''ठीक छ, त्यो टाकुरामा पुग्नलाई कम दूरी भएको अर्को ठाउँ छ कतै ?''

यति सुनेपछि रूख-रूखको छेउ हुँदै दौडूँदै विघ्नेश जंगलको बाहिर पुग्यो। दलदलको पल्लोपट्टि पश्चिमी किनारमा कुनै राजाको पुराना किल्लाको देवालको एक भाग देखिन्थ्यो। हात्ती त्यहाँ पुगेर अड्कियो। बजरंगी देवालमा चढ़ेर दूरवीनले हेर्नलागे। सबै कुरो राम्ररी जाँचेर उनी तल ओर्ले अनि देवालको तल भएका आधार-स्तम्भलाई निशाना लगाई झटारो हाने। ढुंगा तल झर्नासाथ धरैवटा गोहीहरु पानीबाट तैछाड़-मैछाड़ भएर बाहिर निस्के, यो दृश्य देखेर उनी छक्क परे।

गोहीहरु बाहिर निस्कँदा त्यो खम्बाको चारैतिर पक्का पानी भरिएको हुनुपर्छ भन्ने उनले बुझे। जहाँ ती गोहीहरु दौड़ँदै थिए, त्यहाँ निश्चय पनि भूइँ दलदले छैन भन्ने उनले बुझे। त्यस्तो सुखा भूईं कहाँसम्म होला भन्ने जाँच्न उनले एउटा अर्को रोड़ा टिपेर पछिल्लो गोहीमाथि हाने। त्यसले अतालिएर अघिको गोहीलाई ठेल्यो अनि एकाअर्कामा दगुर्ने होड़ गर्नथाले। अलिक पर पुगेर गोहीहरु अड़िएर तर्सेर हेर्नथाले। बजरंगीले फेरि पछिल्लो गोहीलाई ढुंगाले हाने। तिनीहरु केही अघि बढ़े, सबैभन्दा अघिको गोही केही पर सम्म भागेर आयो।

बजरंगीलाई सुखा भूइँ कहाँ सम्म छ, यसको अड़कल भयो। अब उनले अघिभएका गोहीहरुमाथि ढुंगा हान्न- थाले। सबै गोही डराएर पानीभित्र पसेपछि भूइँ खालि भयो। दुइतिरको सुखा जमीनमा एक फर्लाङ्को दूरी भएको उनले अड़कल काटे। उनले आफ्ना इष्ट देउताको ध्यान गरे अनि सोचे, तिनले हजारौं माइलको समुद्र पार गर्नसके भने के उनलाई त्यति एक फर्लाङ नाँघ्न गाह्रो पर्ला ? यति सोचेर उनी विघ्नेशको पीठ्यूँमा चढ़े। त्यसलाई दलदले भूइँको किनारमा उभिन लाएर 'जय बजरंगबली' भन्दै उनले हाम फाले। त्यस बेला बजरंगी पहलमान हावामा उड़ेजस्ता देखिए। हेर्दा-हेर्दै उनी सुखा जमीनमा खुट्टा टेक्न पुगे। उनी जहाँ उभिएका थिए, त्यो पुरानो किल्लाको देवाल हो भन्ने उनले बुझे। पहाड़को टाकुराको छप्परमा पुगेर उनले गोही भरिएको ठाउँतिर हेरे। आधार-स्तम्भको अर्को पट्टिको गहिरो भएको ठाँउमा गएर हेर्दा उनले त्यहाँको पानी सफा देखे। अनि तलतिरबाट बत्तीको उज्यालो आएको पनि उनले देखे।

पानीबाट बाहिर निस्कने बाटो पनि उनले त्यहाँ देखे। राम्ररी हेर्दा गोहीहरु ओहोर-दोहोर



111.946

गरीरहेको ठाँउमा उज्यालो भएको छेउमा उनले एउटा दैलो देखे। आफू उभिएको ठीक तलदेखि पानीमा डुबेको सिँढ़ी पनि उनले देखे। यही बाटो भएर त्यहाँकाहरु भित्र पस्ने र बाहिर निस्कने गर्दा रहेछन् भन्ने उनलाई लाग्यो। भित्रको कुनै मशिनले यो पानीलाई एकापट्टि पार्दो हो। ती बलेका बत्तीहरुकै छेउ-छाउमा गोहीहरुलाई दैलोसम्म पुग्नदेखि रोक्ने फलामका बारहरु पनि होलान्, तब मात्र दैलो उघ्रँदो हो। बजरंगीकालागि ती गोहीहरुसित युद्ध गर्नु कुनै अप्ठयारो काम थिएन। एकपल्ट शार्क र व्हेल भएको समुद्रमा यस्ता डरलाग्दा जानवरसित पनि उनले युद्ध गर्नु परेको थियो। यी गोहीहरु ता उनको निति केहीजस्ता थिएनन्।

''तर यत्रो मेहनत गर्दा पनि त्यो दैलो उघ्रेन भने मेरो मेहनत बेकार हुनेछ। जबरजस्ती गरेर मैले दैलो भत्काउँदा कुनै मशिन भत्केर माथि बसेकाहरुमा कसैले तलको गड़बड़ चाल पायो भने पनि साह्रै अप्ठ्यारो पर्नेछ।'' उनी ठिङ्ग उभिएर यस्तै सोचीरहे। को समयमा परबाट कोही बात गर्दै उनी भएतिर आइरहेका उनले अनुमान गरे।

गुण्डाजस्तै देखा पर्ने केही मानिसहरु जोड़-जोड़ले बात गर्दै त्यतै आइरहेका थिए। बजरंगी पहलमान तुरन्तै एउटा अँध्यारो कुनातिर लुक्न पुगे। केही समयपछि दुइजना मानिसहरु अघि उनी उभिएकै ठाँउमा आइपुगे। तिनीहरुले देवलाको एउटा कुनातिर एउटा टोड़कातिर टर्च बालेर हेरे अनि त्यस ठाँउलाई हल्लाइदिए। छप्परमा घर्घरको आवाज भयो अनि त्यसपछि पानीको तीव्र धारा बगेको आवाज बजरंगीको कानमा पर्‍यो। ती बात गर्दै आएका दुवैजना त्यही टोड़काबाट तल झर्नथाले।

यही नै ठीक समय हो भन्ने बजरंगीले ठाने। बिरालोको चालमा उनी त्यहाँ पुगे। उनले अड़कल गरेजस्तै त्यो टोड़काबाट पानी घटीरहेको थियो औ ती बलेका बत्तीहरुका छेउमा फलामका बारहरु लगाइएका थिए। पहलमान बिस्तारै सीढ़ी ओर्ले र ती दुवै जना गुण्डाको घाँटीलाई आफ्ना हातले अँठ्याए। ती दुवैले आफ्ना दुवै हातको जोड़ लगाएर पनि बजरंगीको अँठ्याइबाट आफूलाई मुक्त गराउन सकेनन्। सास निसासिएकोले तिनीहरु कराउन पनि नसक्ने भएका थिए। एक क्षणपछि ती दुवै बेहोश भए। दुवैको घुच्चुकमा समातेर बजरंगी फेदमा पुगे। त्यस बेलासम्ममा पानी पूरै घटीसकेको थियो र उँभो उक्लने फलामको मोटो दैलो पनि उघ्रीसकेको थियो।

दुवै गुण्डालाई त्यहीं छोड़ेर पहलमान दैलोदेखि भित्र छिरे। त्यहाँ उनले एउटा सानो लिफ्ट भेटे। उनले लिफ्टमा खुट्टा राख्नसाथ त्यो टोड़कालाई बन्द गर्ने दैलो उँभो उचालिनथाल्यो।

उनले अनुमान गरे, त्यहाँ फेरि पानी भरिनथालेको थियो। ती दुइ गुण्डाहरुकै आगमनको निम्ति त्यहाँको बत्ती बालिएको थियो, तिनीहरुकै कारणले आफूले पनि भित्र पस्न पाउने सौभाग्य पाएकोले बजरंगी खुशी भए। पल्लो किनारबाट यहाँ ओहोर-दोहोर गर्नलाई सुखा जमीन पक्कै पनि यहाँ कत्तै हुनैपर्छ भन्ने उनलाई विश्वास भयो।

यत्ति सोच्दा-नसोच्दै लिफ्ट माथि पुगेर रोकियो। लिफ्टको दैलो आफै खोलियो अनि त्यहाँबाट उनी निस्कनासाथै दैलो फेरि बन्द भइहाल्यो। तस्करहरुको एउटा ठूला गढ़ीमा बजरंगीले आफूलाई उभिएको पाए। त्यहाँ चारैतिर बत्ती बलेका थिए, गलैंचा ओछ्याइएका थिए, करिडोरमा जगह-जगह मानकचन्दको म्यूजियमकाजस्तै मूर्तिहरु सजाइएका थिए। पहाड़ काटी बनाइएको त्यो ठाउँको भित्ता-भित्तामा नक्साहरु पनि झुण्डाइएका थिए। उनी निकै परसम्म हिंड़ेर गए। त्यहाँ उनले कुनै मानिसलाई पनि देखेनन्। जब उनी त्यो करिडोरको दाहिनेतिर घुमे, त्यहाँ तिनले, धेरैजना मानिसहरु हिसाब गर्दै गरेका देखे।

बजरंगीले सोधे—"तिमीहरुको मालिक को हो ?" ती सबै भक्भकिँदै "हजुर, हजुर, हजुर !" गर्नथाले। तिनीहरुको मुखबाट आवाजै निस्कनसकेन।

"तिमीहरुका मालिक कहाँ छन् ? झट्टै मलाई त्यहाँ लै जाऊ !" बजरंगी यसरी गर्जेको सुनेर भित्रबाट एकजना अफिसर जस्तो देखिने व्यक्ति बाहिर निस्क्यो।

त्यसले बजरंगीलाई देख्यो, हालत बुझेपछि मीठो स्वरमा त्यसले भन्यो—"आउनुहोस्, म तपाईंलाई त्यहाँ लानेछु। आउनुहोस्, यत्ताबाट आउनुहोस् !"

यसो भन्दै त्यो मानिस अघि बढ़ेर आयो अनि 'करिडोर' को अलिक पर पुगेपछि बजरंगी पहलमानले खल्ती-तोप निसाना लगाएर आफ्नो दाहिने हातमा लिए अनि देब्रे हातमा पिस्तोल बोकेर सिढ़ी चढ़नथाले। तिनीहरु माथिल्लो तलामा पुगे। माथिल्लो तला तल्लो तलाभन्दा अझ सिंगारिएको थियो। जुन वस्तुहरु उनले धेरैअघि मानकचन्दको हवेलीमा देखेका थिए, त्यस्तै बस्तुहरु उनले यहाँ पनि देखे। उनको आश्चर्य र क्रोध बढ्नलाग्यो। त्यो म्यानेजरले एउटा अत्यन्तै सजाइएको कोठामा उनलाई लिएर गए ! त्यहाँ झाड़-फानूसको झिलिमिली थियो। कोठामा शीतल हावाको झोंका आइरहेको थियो।

म्यानेजरले हात जोड़ेर भने—"तपाईं यहाँ बस्दै गर्नुहोस्। म सेठज्यूलाई बोलाएर ल्याउनेछु।"

म्यानेजर कोठाबाट निस्कनासाथै दैलो आफै-आफ फटाफट बन्द भयो। अनि ताजा

हावाको झोंकाले भरिएको ठाँउमा एकतमासको अचम्भको गन्ध भरिएर आयो। त्यो गन्ध 'क्लोरोफार्म' को गन्ध हो भनेर बजरंगीले चाल पाइहाले। उनको प्राणायाम गर्ने अभ्यास थियो। धेरै बेरसम्म सास रोकेर उनी बस्न सक्थे, 'क्लोरोफार्म' धेरै मात्रामा अनि धेरै बेरसम्म कोठामा फैलाइएको थियो अनि बजरंगीको ठाँउमा अरु साधारण मानिस भए मरिहाल्न पनि सक्थ्यो। धेरै प्रयास गर्दा पनि बजरंगीले आफूलाई बेहोशीदेखि बचाउनसकेनन्।

जब उनी होशमा आए, उनले आफैलाई बाथरुममा सावरको पानीको धारामा राखिएको भेटाए। आफ्ना सबै हतियार खोसिएको कुरा उनलाई थाहा भयो। एउटा लंगोटी-बाहेक उनको शरीरमा अरु लुगा थिएन। उनले केही जस्तो पनि मानेनन्, कारण यस्तो खतराको सामना ता उनले बराबर गरिरहेकै थिए। उनी सावर तल बसेर धेरै बेरसम्म नुहाइबसे। अचानक भित्ता सर्नथाल्यो र उनले आफैलाई चारैतिरबाट ठूला-ठूला सिंहहरुले घेरेका गोलो हलमा पाए। बजरंगी पहलमान हतारसाथ चंखो भएर उभिए।

"ए, मलाई यसो गर्ने, ठीक छ नि ता" भनेर उनी जोड़ले गर्जनथाले। गोलो गुम्बद भएको हलमा उनको आवाज ठोकिएर धेरै बेरसम्म यो आवाज गुञ्जीरह्यो। उनको यस्तो गर्जना सुनेर सबै सिंह एक क्षण ता तर्से तर अघि भएको एउटा बब्बरसिंह गर्जंदै अघि बढ्यो। बजरंगी पहलमानको जीउ जम्मै पानीका थोपाहरुले भिजेको थियो। यी पानीका थोपाहरु जीउबाट नझड्कालेसम्म हात-खुट्टा चलाउन अलिक अफ्ठ्यारो पर्ने हुँदा उनी त्यो बब्बरसिंहलाई नाघ्ने फटको हानेर हलको माझमा पुगे। यो देखेर जम्मै सिंहहरु तर्से।

बजरंगीले बिजुलीभन्दा चाँडो रफ्तारमा एकपल्ट मास्तिर हेरे। 'ग्यालरी' मा उनका दस चेलाहरु "गुरुजी, गुरुजी" भन्दै कराइरहेका थिए। अर्को ग्यालरीमा अरु मानिसहरु थिए। बजरंगी तिनीहरुका केवल टाउका मात्र देख्नसक्थे। बब्बरसिंहहरुले आफूलाई घेरेको हुँदा धेरै बेरसम्म माथि हेरिरहने समय थिएन। चारैतिर सिंहहरुको गर्जन, तिनीहरुका हेराइ र तिनीहरुका झम्टेर आउने सम्भावना ! बजरंगी पहलमानले चंखो भएर चारैतिर हेरे, चाँड़-चाँड़ो यता-उता हेरे, हेर्दा-हेर्दै विजुलीको वेगमा दुइटा सिंहको अयाल समातेर सिंहलाई उचाले।

एउटालाई यतापट्टि र अर्कोलाई उतापट्टि उभिएर बसेका सिंहमाथि नै झटारो हाने। उनी दुइटालाई ट्याप्प समातेर उठाउँथे र दुइटालाई नै फ्यात्त फ्याँक्ने गर्दथे। पाँच-सात मिनेट बितेपछि उनले सिंहहरुका माझमा एउटा ठूलो खलबली मचाइदिए र ती जम्मै सिंहहरु आफ्ना पुच्छर लुकाएर एक कुनामा घस्रेर पसे। बजरंगी तिनीहरुलाई लात्ताले हान्दै त्यो हलमा मस्त

भएर हिंड्नथाले। मास्तिर मुंटो फर्काएर उनले गर्जेर चुनौती दिए–"अझै शक्तिशाली अरु कोही त्यहाँ छ भने मसंग जुझ्न पठाऊ।"

माथिबाटै आवाज आयो, "नडराऊ, जसरी तिम्रा चेलाहरुलाई शहर घुमायौं, त्यसरी नै आज पनि बजरंगी गुरु र उनका पचासैजना चेलालाई शहर घुमाउनेछौं।"

यो आवाज सक्दा-नसक्दा माथिबाट त्यहि फलामको जाली तल झर्नथाल्यो। बजरंगीलाई समाती त्यस फलामे जालीमा हाल्नलाई माथिबाट क्रेनजस्तो यन्त्र पनि तल झर्दै थियो। बजरंगी अघिबाटै तयार थिए। बुद्रुक्क उफ्रेर उनले क्रेनका दुइटा हातलाई समाते। त्यहाँ हात पुग्नासाथ नै त्यहाँ करेंट रहेछ भन्ने उनले थाहा पाए। तरै पनि ठूलो आँट गरेर त्यसलाई समातीरहे अनि एक झट्कामा त्यसलाई तल झारे। त्यो झट्का लाग्नेसाथ माथि गुम्बदभित्र झुण्डाइएको मोटो साङ्लो चुँडियो। साङ्लोको रहेको भाग र क्रेनका चारवटा हातमा अब बिजुलीको करेंट थिएन।

बजरंगी पहलमानले त्यो साङ्लो उठाएर भित्तामा बजार्नथाले। माथिबाट गोलीको वर्षा हुनथाल्यो तर बजरंगीको वज्र शरीरमा गोलीको कुनै असर भएन र उनी ढुक्कसित भित्तामा त्यो साङ्लो बजारीरहे। भित्तामा फलामको चोट पर्नेसाथ ढुंगाको रंग पोतिएको प्लाइवुडको फब्लेटा उप्क्यो। दैलो उघारेर पहलमान त्यो गोलो गुम्बदबाट निस्केर करिडोरमा आइपुगे, जहाँ नाना थरीका जंगली जानवरको आवाज र तिनीहरुको सिक्सिक् लाग्दो गन्ध भरिएको भेटाए। ती जंगली पशुहरुलाई हेर्दै उनी दैलोमा पुगे, त्यो दैलो सजिलोसित खोलियो। उनी सजिलोसित त्यहाँबाट निस्के। उनलाई नयाँ पिंजरामा बन्द गराउनलाई नै यस्तो सजिलो पारिएको थियो। अब बजरंगी आफ्ना पचास चेला भएको ठाँउमा पुगे।

पहलमान त्यहाँ पुग्नासाथ नै दैलो बन्द भयो। दैलो बन्द मात्र भएन तर त्यो कोठा घस्रन-थाल्यो, दगुर्नथाल्यो। पहिले ता बजरंगी गुरु छक्क परे तर पछि यी सब बिजुलीद्वारा गराइएका हुन् भन्ने उनले बुझे। तर कहाँ लगिने हो ? एउटा अँध्यारो कोरिडर नाँघेपछि त्यो कोठा सिलिङमा पुग्यो। छेऊमा पुगेपछि मचान छोड़ेर यो फलामे डोरीद्वारा तल झर्नथाल्यो। तल अपार दलदल भएको बजरंगीले देखे। अब सबैजना मृत्युको मुखमा थिए। अब बरजंगी र उनका चेलाहरुलाई कसैले बचाउनसक्ने नै थिएन। त्यो कोठारूपी बाकस छप्पर र दलदलको माझमा थियो। त्यसै बेला बजरंगी र चेलाहरुले तिनीहरुले टेकेका भूइँ सर्नथालेको अनुभव गरे। अब भूइँ दैलो जस्तो उघ्रनेछ र हामी सबै दलदलमा खस्नेछौं भन्ने बजरंगीले बुझे। केही समयसम्म उनी आफ्ना इष्टदेउताको ध्यानमा बसे। फेरि एक झट्को लाग्यो। भूइँ माथि आयो र कोठा माथि सर्नथाल्यो।

नौरंगीका अलोपी जहाजहरुले यो ठाँउको खबर पाइसकेका थिए। पहाड़को टाकुरामा हेलिकप्टर खड़ा थियो। अचानक बम वर्षा भयो, जसले त्यहाँ ठूलो खलबल भयो। अलोपी जहाजहरु चाँड़ै नै पहाड़को चारैतिर उड्नथाले। एउटा हावाजहाजबाट लाउडस्पीकरमा आवाज आयो, "कैदीलाई दलदलमा फ्याँकन पाउनेछैनौ, नत्र हामी तिमीहरु सबैलाई नष्ट गर्नेछौं।"

तुलसी मातालाई ओइलिएकी देखेर बजरंगीकी स्वास्नी ढुक-ढुक हुँदै थिइन्। उनले पहिले नै नौरंगीलाई फोन गरिसकेकी थिइन्। "उनी त्यहाँबाट हिँड़ीसकेका छन्, तर अहिलेसम्म उनी किन आइपुगेनन् ता, कहाँ गए होलान् ? हे भगवान, मेरो सिन्दुरको रक्षा गर्नुहोस्।"

नकाब लगाएका सिपाहीहरु जहाजबाट उत्रे। सबैभन्दा पछाड़ि नौरंगी स्वामी बिस्तारै जहाजबाट ओर्ले। नौरंगीले आफ्नो नोकरलाई जहाजवाट लाउडस्पीकर र माइक्रोफोन लिएर आउने हुकुम दिए। तिनले घोषणा गरे—"मानकचन्द, अब तँलाई पक्ड़ने छु। तेरो कोठी र म्यूजियममा मैले तेरो खोजी गरें। तँ बिहानैदेखि यहाँ आएको छस् भन्ने थाहा पाएर नै म यहाँ आएको हुँ। अरे, नीच, तँ मलाई आफ्नो गुरु भन्ने गर्थि तँ मेरो दाज्यूलाई पनि आफ्नै दाज्यू भन्थिस् अनि तैंले नै उनलाई मार्न आँटेको छस् ! म तँलाई पाँच मिनेटको समय दिन्छु। आफ्ना सबै छलकपट छोड़ेर तँ मेरो अघि आईज। यसो गरिनस् भने छैटौं मिनटमा मेरो हावाजहाज उड्नासाथै यो पहाड़ पानी भएर बग्नेछ। तेरो हड्डी-खुड्डी सबै कहाँ पुग्नेछन, त्यसको पत्तो रहने छैन। तँलाई थाहै छ, म ढुँगालाई पानी बनाउनसक्दछु, अनि मेरा सहायकहरू पहाड़मा रसायन छर्न गइसकेका छन्। तेस्रो मिनट बित्दा पनि तँ माथि आइनस् भने म तिनीहरुलाई रसायन छर्कने संकेत गर्नेछु। ठीक पाचौं मिनटमा तिनीहरुले रसायन छर्कनेछन् अनि छैटौं मिनटमा यो झुण्डेको लिफ्टमा भएका मेरो पूज्य दाज्यू र उनका चेलाहरुलाई लिएर म यहाँबाट हिंड्नेछु। मृत्युको मुखमा अब तँ छस्, म र मेरा दाज्यू होइनौं।"

यति भनेर नौरंगी सेनाको दलले त्यो दलदलमा झुण्डेर बसेको चमत्कारी लिफ्टलाई आफ्नो यन्त्रको सहायताले माथि तानीसकेको थियो। त्यसपछि त्यो कोठा भत्काइयो। बजरंगी आफ्ना चेलाहरुसित बाहिर निस्के, नौरंगी स्वामीले आफ्ना दाज्यूको खुट्टामा ढोगीदिए।

नौरंगीले फेरि माइक्रोफोनमा भने, "तीन मिनट बित्यो है मानकचन्द। अब तँलाई नै थाहा छ, तेरो गुरुले के-के गर्नसक्नेछ।"

केही क्षणपछि सभ्य लुगा लगाएका सभ्य देखिने दुइजना मानिसहरुले अघि आएर हात जोड़दै बिन्ती गरे—"सेठज्यू अब आइहाल्नेछन्।"

तिनीहरुकै पछि-पछि सेठ मानकचन्द पनि टाउको निहुराएर आइपुगे।

बजरंगीले भने–"अरे, मानकचन्द, तैँले यस्तो काम गर्छस् भनेर ता मैले सोचेकै थिइनँ।"

नौरंगी स्वामीले भने–"दाज्यू, मैले ता 6 महीनाअघि नै थाहा पाइसकेको थिएँ। हँगकँगमा मैले यस्ता मूर्तिहरु देखें जुन असली हुनसक्थे, या ता मैले आविष्कार गरेको तरीकाद्वारा मात्र विनको नकल गरिनसकिन्थ्यो। त्यसपछि हाम्रो कुबेरपुरका सेठ मानकचन्दले यही व्यापार गर्छन् भन्ने कुरो चाल पाएँ। अनि मैले आफ्नः जासूसहरुलाई सेठको पछि लगाएँ। हाम्रो कुबेरपुरमा विश्व प्रसिद्ध पहलमान मात्र होइन एशियाका दुइ कुख्यात तस्करहरूमा एउटा तस्कर मानकचन्द पनि बस्छ भन्ने कुरो पत्तो लगाएँ। त्यही बेलादेखि मैले सेठको कार्यकलापमा ध्यान दिनथालें। ठीकै छ, तपाईंको कारणले यति कुरा जान्नपायौं।"

त्यो पहाड़मा आधुनिक ढंगमा बनिएको अचम्भको तिलस्मी महल थियो। तस्करीका मालहरु हेलिकप्टरद्वारा त्यहाँ पुर्‍याइन्थे। पुगनपुग दुइ अरब रुपियाँको माल त्यति बेला पनि त्यहाँ राखिएको थियो। यो भेद प्रकाशमा आएपछि सबैले बजरंगीका चेलाहरुलाई बधाई दिए, कारण तिनीहरुले नै आँट गरेर यो काम गर्ने अठोट गरेका थिए। सेठ मानकचन्दले आत्मसमर्पण गरेपछि अरु पनि धेरै तस्करहरुले आत्मसमर्पण गरे। त्यसपछि कलात्मक मूर्तिहरुको चोरी ठप्प बन्द भयो, यही नै सबभन्दा ठूलो उपलब्धि थियो। बंजरंगी र नौरंगीको सुनाम अझै एकपल्ट फैलिएर गयो।

---

# 2

# बजरंगी र मिस्रीको पहाड़

कुबेरपुरमा चार नदीहरु बहन्थे, तिनमा एउटाको नाम थियो सुगंधा। सारा संसारले चिनेको महाबली बजरंगी पहलमानको घर यही नदीको किनारमा अवस्थित एउटा पहाड़को टाकुरामा थियो। सुगंधाको शीतल र स्वच्छ पानीमा गुलाबको बासना आउँथ्यो। बजरंगी पहलमान संधै नै बिहान चारबजी सुगंधामा नुहाउन आँउथे। त्यसपछि त्यही पहाड़मा भएको एउटा मन्दिरमा बजरंगबलीको दर्शन गरेर उनलाई सिन्दुर चढ़ाइसकेपछि मात्र पहलमानको दिनको काम शुरु हुन्थ्यो।

हिमालयको उत्तरमा काऊ-काऊ नाम भएको एकजना वैज्ञानिक अनुसन्धान गर्ने मानिस बस्थ्यो। उसले आफ्नो मेहनत र चलाकीपनले एउटा रसायनको खोजी गरेको थियो। त्यो रसायनको सहायताले हिउँलाई मिस्रीमा बदली गर्नसकिन्थ्यो। आफ्नो सफलता देखेर काऊ-काऊ आफै नै खुशी भयो। हिमालको जम्मै हिउँलाई मिस्रीमा बदली गर्नसके भने म संसारको सबैभन्दा धनी मानिस हुन्छु भन्ने उसले सोच्यो। तर उसको यो कुइच्छा पूरा गर्नमा एउटा वाधा छँदै थियो। पूरै हिमालको हिउँलाई मिस्रीमा बदली गर्नुपर्दा उसले दुइ करोड़ रुपियाँको खर्च जोगाड़ गर्नुपर्ने भयो। दुइ करोड़ नभएसम्म उसले त्यो रसायन तयार पार्न सक्ने नै थिएन। डाकूहरुदेखि मिस्रीको पहाड़को रक्षा गर्नुपर्ने अड्को पनि उसको अघि थियो।

काऊ-काऊले आफ्नो बुद्धि चाल्नथाल्यो, ''रुपियाँ पनि हात लाग्ने अनि सिपाहीद्वारा मिस्रीको पहाड़को रक्षा पनि हुने, यस कामको निम्ति कुन राजा, कुन सम्राट्सित यो योजनाको साझेदारीको कुरा गरूँ !'' सबभन्दा पहिले उ चीनको सम्राट्कहाँ पुग्यो। उ काऊ-काऊभन्दा पनि दोबर लुच्चा थियो। उसले भन्यो, ''तँ ता मेरै प्रजा होस्। तँलाई म साझेदार बनाउनै- सक्तिनँ। अँ, त्यो रसायन बनाइएकोमा म तँलाई पाँच लाखको बक्सिस दिनेछु अनि पाँच सय रूपियाँ महीनाको नोकरी पनि दिनसक्छु।'' तर काऊ-काऊलाई त करोड़पति, अरबपति बन्ने इच्छा थियो। राजाको प्रस्तावलाई उसले समर्थनै गरेन।

अब काऊ-काऊले जापानका सम्राट्सित चिट्ठीपत्री चलाउनथाल्यो। सम्राट्ले उसलाई जबाफ दिए, ''तिम्रो योजना स्वार्थले भरिएको र पापपूर्ण छ। हिमाल छैन भने भारतमा बग्ने ती जम्मै नदीहरु सुक्नेछन्। वरिपरिका साना-साना राज्यहरु पनि नष्ट हुनेछन्। करोड़ौं मानिसहरुको प्राणलाई जोखिममा पारेर जो धनी हुनचाहन्छ, त्यो मानिस होइन, त्यो ता राक्षस पो हो।''

यो चिट्ठी पाएर काऊ-काऊले झन्को मान्यो। ''अब म कसलाई सहायता माँगू'' भनेर उ सोच्नथाल्यो। सोच्दा-सोच्दै झट्ट उसलाई एउटा मन नाम याद आयो। अनि खुशीले उ फुरुक्क भयो।

उ पक्का धूर्त, स्वार्थी र निर्दयी थियो।

सात समुद्र पारीको देशसित त्यसले बेपार पनि गर्दथ्यो। साथ-साथै कमजोर राजा, नवाब अनि तिनीहरुका प्रजालाई आफ्नो सेना धुराएर लुटने पनि गर्दथ्यो। काऊ-काऊले त्योसितै सम्झौता गर्ने निश्चय गर्‍यो। उसको कुरा सुनेर इंग्लैजुदौला साह्रै खुशी भयो। काऊ-काऊसित झट्टै सम्झौता पनि भइहाल्यो। पक्का लेखापढ़ी गरेपछि काऊ-काऊले आफ्नो काम पनि थालीहाल्यो। दुइ हजार माइल लामो हिमालय पहाड़लाई उसले आठ भागमा बाँडूयो। अनि माझको अढ़ाई सय माइलको भागमा उसले दुइ प्रकारको रसायन पनि छरीहाल्यो। त्यहाँको हिउँ मिस्रीमा परिणत भयो।

हिमालयको तराईमा अवस्थित कुबेरपुर नगरमा बग्ने चारवटा नदीहरुका पानी एक बिहान अचानक सुकेको पाइयो। कुबेरपुरमा बग्ने सुगंधा पनि सुकेको थियो। कुबेरपुर राज्य र त्यसका छेउ-छाउमा भएका साना-ठूला सबै राज्यहरुमा हाहाकार मच्चियो। अलि-अलि गरेर यो खबर सारा संसारमा फैलियो। जापानका सम्राटले यो खबर पढ्नासाथै यो काम काऊ-काऊकै हो भन्ने ठानीहाले। तुरन्तै एउटा चिट्ठी लेखेर तिनले कुबेरपुरका राजालाई पठाए।

त्यो चिट्ठी पाउनासाथै महाराजा अकमक परे। तर उनको मन्त्री विश्वासराव निकै बुद्धिमान व्यक्ति थिए। तिनले भने—''महाराज, आत्तिने काम छैन, कमजोर व्यक्तिहरु यसरी आत्तिन्छन्। ठूला-ठूला दुष्टहरुलाई मर्‍याक-मुरुक पार्ने महावीर बजरंगी पहलमान हाम्रै नगरवासी हुन्। उनलाई नै यो कुरो टुंगो लगाउने आदेश दिनुहोस्।



राजाले बजरंगीलाई बोलाइपठाए। सबै कुरो सुनेपछि बजरंगीले भने, ''महाराज, म अहिल्यै गएर टुंगो गर्नेछु। यो काऊ-काऊ या अरु कुनै मानिसको करतुत हो भने म तिनीहरुलाई निमिट्यान्नै पार्नेछु।''

बजरंगी पहलमान आफ्ना हात-हतियारले सजिएर तुलसी-मठको परिक्रमा गर्न-लागे। अनि आफ्नी स्वास्नीलाई यसको सेवा गर्नू भन्ने खटाएर आफ्नो बिजुली घोड़ीमा सवार भएर सुगंधा नदीको मुहानतिर हिंडे।

रिमरिम अँध्यारो हुँदै थियो। बिजुली लगातार कुदीरहेकी थिई। अचानक बजरंगीले लगाम तानेर भने, ''पर्खी, बिजुली !'' त्यसका खुट्टाका टापहरुसितै पहलमानले कसैले खट्-खट् कोट्याएजस्तो पनि सुनेका थिए।

बिजुली अड़िनासाथै उनले ध्यान लाएर सुने, अनि घोड़ीबाट ओर्लेर प्रेमले त्यसलाई धाप मार्दै भने, ''बिजुली, तँ नदी किनारबाट हटेर दाहिनेतिरको जंगलमा जा। त्यहीं बसेर मेरो आवाज पर्खेर बस्।''

बिजुली गई। बजरंगी पनि सुगंधाको सुखा किनारलाई छाड़ेर जंगलको बाटो हुँदै अधि बढ़े। रूखका ठूला-ठूला हाँगाहरुमा आफ्नो कौशलले डोरी अल्झाउँदै र त्यसमा झुण्डिँदै फेरि डोरी खोल्दै एउटा रूखबाट अर्को रूख हुँदै पाँच मिनटमा उनी धेरै टाड़ा आइपुगे। त्यो खट्खट् शब्द अब स्पष्टसित जोड़ले बजेको उनले अनुभव गरे। पहलमान चंखो हुँदै अघि बढ़े। सबै कुरा स्पष्टसित हेर्नलाई उनी रूखमा चढ़ेर दुरबीनले चारैतिर हेर्नलागे।

बजरंगीको दुरबीन साह्रै उत्तम थियो। उनका कान्छा भाइ नौरंगी स्वामीले यो दुरबीन उनकै निम्ति बनाइदिएका थिए। यो दुरबीनबाट दस माइल टाढ़ाको दृश्य पनि स्पष्ट देखिन्थ्यो। गैस बत्तीको उज्यालोमा हजारौं कुल्लीहरुले मिस्रीका ठूला-ठूला फब्लेटो काट्दै गरेका उनले देखे। पहाड़को फेदीमा जंगलको देब्रेपट्टि धेरैवटा तम्बू लगाइएका थिए। ती तम्बूहरूमध्येको एउटा तम्बूमा सुनौलो जरीको तारले नवाब इंग्लैजुदौलाको सुप्रसिद्ध चिन्ह बनाइएको थियो।

एकै क्षणपछि मखमलको तम्बूबाट नवाब काऊ-काऊ बाहिर आउँदै गरेको उनले देखे। त्यही समयमा पेट्रोलले चल्ने दशवटा ठेला गाड़ी त्यहीं आएर अड़िए। काऊ-काऊले त्यसमा मिस्री भर्न लगाए।

पहलमान हतारसाथ रूखबाट ओर्ले र उफ्रेर पछाड़ि गए। एक माइल पछाड़ि गएर पानी सुकेको नदीको दुवै किनारमा भएका ठूला-ठूला रूखहरुलाई जरैसित हल्लाई-हल्लाई उखेल्न थाले। एक घण्टा बित्दा उनले एक सयजति रूखहरु उखालेर बाटोमा तेर्साइदिए अनि ठेलागाड़ी पर्खेर बसे।

केही समयपछि मिस्रीले भरिएका दसैवटा ठेलाहरु त्यहाँ पुगे। बन्दुक भिरेका धेरैजना सिपाहीहरु पनि त्यहाँ थिए। यसरी अधिको बाटो रोकिएको देख्दा इंग्लैजुदौलाका सिपाहीहरु चंखो भए। त्यसै बेला आफ्नो स्प्रींगदार गुलेलीले ठेलागाड़ीको पेट्रोलको ट्यांकीमा निशाना लगाएर पहलमानले बारूदको गोला फ्याँके। यसलाई उनी खल्ती-तोप भन्थे। खल्ती-तोपबाट एउटा गोला छोड़ियो, फेरि दोस्रो, फेरि तेस्रो गर्दै ढ्वाँगढ्वाँग आवाजसित गोला बर्सनथाल्यो। पेट्रोलको ट्याँकीमा आगो लाग्यो। सिपाही र ड्राइभर मोटर ठेलाबाट उफ्री-उफ्री भाग्नथाले। त्यसै बेला पहलमानले जोड़ले बोलाए, ''बिजुली !''

जुन रूखबाट बजरंगीले बिजुलीलाई बोलाएका थिए, त्यसैलाई निशाना बनाएर इंग्लैजुदौलाका सिपाहीहरुले गोली बर्साउनथाले तर बजरंगीको खल्ती-तोपको गोलाको पिटाईको अघि तिनीहरु टिक्नैसकेनन्। हातमा नाङ्गो तरवार अँठ्याएर बजरंगी रूखबाट फूर्तीसाथ झरे र शत्रुमाथि दैवी-विपत्तिजस्तो जाइलागे। अनि शत्रुका सिपाहीका झुण्डको झुण्डलाई मुला काटे-जस्तो गरी काट्न थाले। यस्तो आकस्मिक आक्रमणले तर्सेर इंग्लैजुदौलाका सिपाहीहरुले आत्म-समर्पण गरे। बिजुली पनि त्यति नै बेला त्यहाँ आइपुगी। बजरंगी फुर्तीसित उफ्रेर त्यसको आंगमा चढ़े र देब्रेपट्टिको जंगलमा अदृश्य भए। चुटाइ खाएका नवाबका सिपाही र कुल्लीहरु तीन छक पर्दै त्यतैतिर हेरीरहे।

नवाब इंग्लैजुदौला र काऊ-काऊ त्यस बेला मस्त भएर अंग्रेजी रक्सी पिउँदै थिए। आफ्ना तंबूमा फलामका ठूला-ठूला टबमा मिस्रीलाई फेरि हिउँ बनाई भरेर राखेका थिए। मट्टितेलले चल्ने दुइटा ठूला-ठूला पंखा चलीरहेका थिए। बड़ो घमण्डसाथ नवाब साहबले भने, "काऊ-काऊ, चाँड़ोभन्दा चाँड़ो जम्मै हिमाललाई मिस्री बनाइहाल। त्यसपछि सातैवटा समुद्रको पानीबाट जम्मै नून झिक्ने उपाय खोजेर निकाल। मिस्री र नूनको धन्धावाट म तिमीलाई अरबौं रूपियाँको नाफा दिलाईदिनेछु। समुद्रबाट म नहर निकाल्नेछु। नदीहरु सुकेकाले मेरै नहरहरुको माँग नै बेसि हुनेछ।"

काऊ-काऊले भन्यो, "म मिस्री र नून ता बनाँउछु नै, त्यसपछि सारा बादललाई बोरामा भरेर बेच्ने उपाय पनि मैले सोचीसकेकोछु। जहाँ मन लाग्छ, त्यहाँ पानी पर्छ, जहाँ मन पर्दैन, त्यहाँ पानी पर्ने नै छैन। बादल भरिएको थैला पनि खुबै बिक्री हुनेछ। त्यसपछि म हावालाई संसारदेखि सोसेर बोतलमा बन्द गर्नेछु। त्यहाँदेखि संसारका सबै मानिसलाई सास फेर्नको निम्ति पनि हाम्रै बोतलको हावा चाहिने छ। हाम्रो हावाको बोतल नकिने तिनीहरु सासै फेर्नसक्नेछैनन्।"

तिनीहरु यस्तै मतलबी कुरा गर्दैथे, गड़ड़-गड़ड़ धड़ाम, धड़ाम गर्ने विस्फोटको आवाज तिनीहरुले सुने। सिपाहीका घोड़ाहरु र पहाड़ भत्काउने कुल्लीहरु आत्तिएर चिच्याए। नवाब र काऊ-काऊ पनि तर्सेर बाहिर आए। पहाड़माथिबाट ठूला-ठूला चट्टानहरु र ढुंगाका मन-मनका गह्रौं चोइटाहरु तल खस्दै आउँदै गरेको तिनीहरुले देखे। अहिलेसम्म यो जम्मै पहाड़लाई तिनीहरुले मिस्री बनाइसकेका थिएनन्।

हेर्दा-हेर्दै एउटा ठूलो चट्टान इंग्लैजुदौलाको मखमली तम्बूमाथि ढवाँग् गरेर खस्यो र तम्बू भत्केर चट्टानमुनि थिचियो। इंग्लैजुदौलाको प्यारो कुकुर पनि तम्बूभित्रै किच्चिएर मर्‍यो। फेरि अर्को चट्टान झर्‍यो। रसायन भएकरो ठूलो टब भत्क्यो। सबै रसायन नष्ट भए।

काऊ-काऊ करायो–"उफ ! मेरो रसायन !"

इंग्लैजुदौला चिच्यायो–"उफ ! मेरो कुकुर !"

त्यसै बेला कसैको आँखा माथि गयो। त्यसले वीर बजरंगीले ठूला-ठूला चट्टानहरु तल ठेल्दै गरेको देख्यो। चारैतिर हाहाकार मच्चियो, "अरे, बजरंगी, बजरंगी ! भाग, भाग !

माथिबाट चट्टान तलतिर ठेल्नमा बजरंगी व्यस्त थिए। उनले त्यहाँका एक-एक वस्तुलाई नष्ट गरेर छाड़े। इंग्लैजुदौलाका हात्ती, घोड़ा, तम्बू, सर-सामान सबै नष्ट भए। ती दुवै त्यहाँबाट ज्यान जोगाएर भागे।

कुबेरपुर राज्यका महामन्त्री दीवान विश्वासराव खूबै कुशल र अनुभवी व्यक्ति थिए। बजरंगी पहलमान हिड्ँनासाथै तिनले कुबेरपुर राज्यको कुना-कुनामा पनि आफ्ना जासूसहरु र संवाददाताहरूको जाल फैलाइदिएका थिए। अब घण्टा-घण्टामा चारैतिरबाट तिनलाई समाचार दिइनथालियो। सुगंधा नदी सुकेको असली कारण चाल पाउनासाथै तिनले आफ्नो सबैभन्दा तेज उड्ने परेवाको घाँटीमा एउटा चिट्ठी बाँधेर नौरंगी स्वामीको स्वतन्त्र टापूतिर उड़ाई पठाए।

कुबेरपुरका राजाले जब यी घटनाहरुका सूचना पाए, तब तिनी गंभीर भए। तिनले आफ्ना दीवानलाई भने—''विश्वासराव, यो इंग्लैजुदौला साहै निर्दयी, चलाक र लोभी छ। चाँड़ोभन्दां चाँड़ो यसलाई रोक्ने बन्दोबस्त गर।''

दीवान विश्वासरावे महाराजको भनाइलाई समर्थन गरे। तिनले इंग्लैजुदौलाको घरमा झगड़ा उत्पन्न गराइदिनुपर्छ भन्ने सल्लाह महाराजलाई दिए। यो कामको लागि त्यसको हिन्दुस्तानी रानीको छोरा किंग्लैजुदौलाको सहायता लिनुपर्छ भन्ने सल्लाह भयो।

यस्तै प्रकारले महाराजाधिराज र महामन्त्रीको माझमा धेरै बेरसम्भ आफ्नो प्रजा र संसारको दुःख-सुखका कुरा भइरहे।

त्यही दिन रातिको कुरा हो। महाराज आफ्नो ओछयानमा सुती-सुती केही विचार गरिरहेका थिए कि अचानक नै टाड़ो आकाशमा बलीरहेको आगो जस्तो वस्तु तिनले देखे। तिनी सतर्क भएर उठे र झ्यालबाट बाहिर हेर्नथाले। केही समयपछि तिनले देखे, त्यो आगोको लप्का तिनी भएतिर नै आइरहेको छ। महलको छेउमा आएपछि त्यसको लप्को हरायो। रातो बत्तीको तीर जस्तो बस्तु तिनी भएतिर नै आइरहेको तिनले देखे। झ्यालको छेउमा आइपुगेर त्यो अर्कोपट्टि फर्केर ठाड़ो भयो। त्यसको दैलो उघारियो। त्यहाँबाट एकजना व्यक्ति बाहिर निस्के। महाराजले चिनी पनि हाले। ती व्यक्ति अरु कोही नभएर नौरंगी स्वामी नै थिए।

तिनले भने—''महाराज, म आइपुगें। तपाईं दरबार खासमा पाल्नुहोस्। दीवान विश्वासरावलाई पनि बोलाइपठाउनुहोस्। म यो मेरो बजरंगी-वाण बंधैचामा थन्काएर आउनेछु।''

महाराज साह्रै खुशी भए। तिनले तुरन्तै दीवान विश्वासरावलाई बोलाई पठाए। नौरंगी स्वामीले पनि बजरंगीवाणलाई बंधैचामा थन्काएर दरबार-खासमा उपस्थित भए। त्यहाँ दीवान विश्वासरावले तिनलाई काऊ-काऊ र इंग्लैजुदौलाको जालको कुरा सुनाए। दुष्टहरुको योजनालाई नष्ट-भ्रष्ट पारेर बजरंगी पहलमान पनि बिजुलीमा सवार भएर घर फर्कीरहेका छन् भन्ने कुरो पनि बताइदिए।

सबै कुरो सुनेर नौरंगी स्वामीले भने—“काऊ-काऊको खोजी अचम्भको छ। त्यसले यो आफ्नो आविष्कार राक्षसी काममा नलगाएर राम्रो काममा प्रयोग गरेको भए म त्यसलाई इनाम दिने थिएँ। ठीक छ, भोलि बिहान सबै हेरेर-बुझेर कुनै उपाय निकाल्नेछु। त्यति बेलासम्ममा दाज्यू पनि घरमा पुगी सक्नेछन्।”

महाराजले भने—“अबेर भयो भने काम बिग्रेला। भोलि बिहानै तपाईं यहाँबाट हिंड्नुहोला।”

अर्को दिन बिहानै नौरंगी स्वामी आफ्नो बजरंगीवाणमा चढ़ेर हिमालयतिर उड़े। सूर्योदयको समय थियो। पूर्व दिशामा रातो आभा फैलिएको थियो। त्यही आभामा यो आगोको लप्कोजस्तो बजरंगी-वाण पनि सर्र उड़ेर मिसिनपुग्यो।

बजरंगीको हातबाट इंग्लैजुदौला पूर्ण तौरले बर्बाद भइसकेको थियो। उ काऊ-काऊसित जंगलमा भाग्दै-लुक्दै समुद्रको किनारमा भएको आफ्नो राजधानी कालाफूतामा पुग्यो। बजरंगी पहलमानसित उ साह्रै रिसाएको थियो। उसले काऊ-काऊलाई भन्यो—“तिमी कस्तो हौ; हिउँको पहाड़लाई मिस्री बनाउन सक्दैनौ।”

एक्कासि काऊ-काऊको आँखामा शैतानको चमक देखा पर्‌यो। आफ्ना दुवै हत्केलालाई एकार्कामा दल्दै उसले भन्यो—“नवाब साहब, लुगाबाट गुलाबको सुन्दर मालाजस्तै माला बनाउने कुनै कारिगरलाई बोलाउनुहोस्।”

नवाब इंग्लैजुदौलाले आफ्नो राजधानीको सबभन्दा चतुर कारिगरलाई बोलाएर चौबीस घण्टाभित्रमा फारस देशको सुन्दर गुलाबजस्तै लुगाको गुलाबको माला बनाउन अह्राए। अर्को दिन माला आइपुगेपछि काऊ-काऊले इनामेलको एउटा सानो टबमा कुनै रसायन फिट्‌यो। मालालाई त्यसमा डुबाइदियो। पन्द्रह मिनेट बितेपछि उसले त्यो माला टबबाट निकाल्यो। अब त्यो माला हातले छुँदा पनि असली गुलाबको मालाजस्तो लाग्ने भयो। काऊ-काऊले पिचकारीको सहायताले अर्को रसायन त्यो मालाभरि छर्‌यो। गुलाबकै मगमग वासना चारैतिर फैलियो, काऊ-काऊले इंग्लैजुदौलालाई भने—‘पन्द्रह मिनेटसम्म तपाईंले यो सुगन्ध सुँघ्नुभयो भने तपाईं ढुंगाको पुत्ला बनिनु हुनेछ।”

नवाब साह्रै खुशी भए। त्यति नै बेला आफ्ना चारजना नोकरलाई फारस देशको लुगा लगाउन लगाएर त्यो मालासहित कुबेरपुर पठायो।

यी चारैजना नकली दूतहरुले कुबेरपुरको दरबारमा पुगेर महाराजलाई नमस्कार गरी सूनका


एक सय एक रूपियाँ भेट चढ़ाए। त्यसपछि तिनीहरुले महाराजलाई भने—''जहाँपनाह, फारस देशका सम्राट्ले बजरंगी पहलमानको वीरता र दयालु स्वभावको धेरै प्रशंसा सुनेका छन्। यसै कारण हाम्रा बादशाहले पहलमानको सम्मानमा यो माला पठाएका छन्। हाम्रा बादशाहले उनको तर्फबाट यो माला तपाईंले नै पहलमानलाई लगाइदिनुहुन अनुरोध गरेका छन्।''

महाराज साह्रै खुशी भए। पहलमानलाई बोलाइपठाए। बजरंगी आउनासाथ फारसका नकली दूतहरुले त्यो माला महाराजको हातमा दिए। यति ठूल-ठूला ताजा गुलाबको माला देखेर महाराज र दरवारका सबैजना खुशी भए। महाराजले खुशी हुँदै त्यो माला पहलमानलाई लगाइदिए। पहलमान एउटा कुर्सीमा बसे। कुरा हुनथाल्यो। केही बेरपछि पहलमानले भने, ''महाराज, मलाई कस्तो-कस्तो हुँदैछ। मेरो जम्मै शरीर नै अरठ परेर आउँदैछ। नाइँ-नाइँ, म यस्तो रोग मेरो शरीरमा हुनदिने छैन।'' यति भन्दै सबलाई बिर्सेर पहलमानले त्यही दरवारमा नै डंडबैठक लगाउनथाले। महाराज र सबै राजदरबारकाहरु हेर्दा-हेर्दै हैरान भए ! दीवान विश्वासरावले एक्कासि चिच्याएर भने—''फारसका दूतहरू कहाँ छन् ? पक्का पनि यही मालामा विषालु दवाइ मिसाइएको हुनुपर्छ।''

सिपाही र दरबारकाहरुले फारसका ती दूतहरुको खोजी गर्नथाले। तर तिनीहरुले अधि नै सुइकुच्चा ठोकीसकेका थिए। दीवानले कराएर भने, ''पहलमान, त्यो माला झट्ट निकालेर फ्याँक्नुहोस् ! त्यसको सुगन्धमा विष मिसिएको छ।''

तर पहलमानले आफ्नो धुनमा कसरत गरि नै रहे, उनले केही पनि सुनेनन्। धेरैजनाले कराएर त्यो माला फ्याँक्ने आवाज दिएपछि मात्र पहलमान रोकिए। माला झिकेर हेरे, अनि भने, ''यो ता लुगाको गुलाब हो। यसमा चम्किलो रंग र सुगन्ध छर्किएको छ। जाँचको लागि यो माला कुनै कुकुरलाई लगाइदिनुहोस्। उफ, मेरो शरीर नै कक्रक्क हुँदैछ। खालि कसरत गर्दा मात्र मलाई सञ्चो हुन्छ।'' यसो भन्दै उनी फेरि कसरत गर्नथाले।

महाराजको हुकुममा दरवारमा एउटा कुकुर ल्याइयो। त्यो माला लगाइदिएर त्यो कुकुरलाई एउटा कुनामा बाँधियो। पन्द्रहबीस मिनेटपछि त्यो कुकुर बड़ो करुणाले तर निकै साह्रो करायो र एकपल्ट जोड़ले उफ्रेर त्यो ढुंगामा परिणत भयो। त्यसलाई हेरेर पहलमानले भने, ''मैले पनि कसरत नगरेको भए मेरो पनि यस्तै हालत हुनेथियो। अहिलेसम्म पनि मेरो शरीर भित्रबाट अरठ्ठ भइरहेको छ। तर म यस्तो हुनदिने छैनँ। जबसम्भ नीच काऊ-काऊको विषलाई म अमृतमा बदली गर्दिनँ तबसम्म म यो कसरत जारी राख्नेछु।''



साँच्चै नै अचमभको आत्मविश्वास भएका मानिस थिए बजरंगी पहलमान। महाराजको आज्ञा लिएर उनी सोझै दगुर्दै आफ्नो अखड़ामा पुगे अनि मुस्ली घुमाउनथाले। पूरै दिन, पूरै रात उनी कठिन व्यायाम गरिरहे। भोलिपल्ट उनले आफ्ना चेलाहरुलाई भने—''आऊ, तिमीहरु सबै मिलेर मलाई गदा, मुस्ली र ढुंगाले प्रहार गर। मेरो शरीर अब वज्रको भएको छ। काऊ-काऊको विषलाई मैले अमृतमा परिणत गरिसकेको छु।''

साँच्चै नै पहलमानको शरीर वज्रको भइसकेको थियो। कठोरभन्दा कठोर प्रहारले पनि उनलाई कुनै असर भएन। यति नै बेला एकजना नोकर दगुर्दै आयो। त्यसले बड़ो उत्साहसित सुगंधा नदी फेरि पानीले भरिएको कुरा सुनायो। अनि त्यो पानी साह्रै नै मीठो थियो।

मिस्रीलाई फेरि हिउँ बनाएर पगाल्नमा नौरंगी स्वामी सफल भएछन् भन्ने कुरा बजरंगी पहलमानले थाहा पाए। उनी दगुर्दै सुगंधा नदीको घाटमा गएर बड़ो आनन्दले नुहाउनथाले।

सुगंधा नदीमा फेरि पानी भरिएको कुरा चारैतिर फिंजियो। आफ्ना प्यारा बजरंगी पहलमानलाई सुगंधा नदीमा नुहाएको देखेर किनारमा भएकाहरु खुशी भइरहेका थिए। ठीक यही समयमा आफ्नो बजरंगीवाणमा चढ़ेका नौरंगी स्वामी पनि त्यहाँ पुगे। स्वतन्त्र टापूबाट आएको पाँच दिन बितेपछि आज दाज्यू-भाइको भेट भइरहेको थियो।

नौरंगी स्वामीले भने, ''दाज्यू, उद्‌जन धूलो छरेर मैले मिस्रीलाई गालेर पानी ता बनाएँ

तर पानीलाई अहिलेसम्म मैले हिउँ भने बनाउनसकेको छैन। त्यहाँको प्रखर गर्मीले हिउँ जम्नैपाएको छैन। मिस्रीको पहाड़ ढिलोभन्दा ढिलो पन्द्रह दिनभित्रमा गलेर बग्नेछ अनि त्यहाँ अरु केही पनि रहने छैन। सजिलो बाटो भेटाएर चीनले हामीलाई घेरा हाल्नेछ। यताबाट इंग्लैजुदौलाको सेनाले हामीलाई आक्रमण गर्नसक्दछ। जाँतोको दुइ चक्कामा हामी पिसिनेछौं।''

बजरंगी पहलमान ठूलो चिन्तामा परे। उनले भने—''हुन ता इंग्लैजुदौला साह्रै स्वार्थी छ। आफ्नो मिस्रीको व्यापारउ चीनको सम्राट्लाई साझेदार बनाउने होइन। हामीलाई हराउनको निम्ति उ जे पनि गर्नसक्नेछ, यो कुरा पनि साँचो हो। अब तिमी नै भन, के गरे राम्रो होला ?''

नौरंगीले भने—''एउटा उपाय छ। हामी दुवै भाइ नवाबको राजधानी कालाकूता जाऔं। त्यहाँ पुगेर जसरी हनुमानजीले रावणको अशोक-वाटिका उजाड़ेका थिए, तपाईंले पनि त्यसरी नै त्यसको राजधानीलाईं उजाड्न शुरू गर्नुहोस्। त्यही समयमा म काऊ-काऊ र इंग्लैजुदौलालाई बन्दी बनाएर बजरंगी-वाणमा लिएर आउनेछु। त्यसपछि ता सबै काम सजिलो भइहाल्नेछ।''

''त्यसो हो भने छिट्टो जाऔं। यो काममा एक मिनेटको अबेर भएको पनि म सहन-सक्दिन।'' यसो भन्दै बजरंगी पहलमान जुरुक्क उठे।

त्यसै बेला बजरंगीकी स्वास्नीबाट खबर आयो। नोकर्नीले आएर भनी—''मालिकनीले खबर पठाएकी छिन्, तपाईंहरु सबै खाना खाएर मात्र जानुहोस्।

नौरंगी स्वामीले भने—''अब, रोटी, पुरी, कचौड़ीले हाम्रो भुँड़ी भरिँदैन अरे भनेर भाउज्यूलाई भनिदेऊ। अब ता म इंग्लैजुदौलाको राजमहल, त्यसको राजसिंहासन नै चपाई-चपाई खानेछु। दाज्यूले खानुहुन्छ भने खानुहोस्।''

''म त हिजो सारा दिन र सारा रात कसरत गरिरहें र मलाई औंधि नै भोक लागेको छ।'' बजरंगीले भने।

''त्यसो हो भने दाज्यू, मसंग आउनुहोस्। म आज तपाईंलाई साँच्चै नै इंग्लैजुदौलाको महल र राज-सिंहासन नै ख्वाउनेछु। त्यहाँका मानिस र पशु-पंक्षीलाई छाड़ेर रहल वस्तुलाई म मिस्री बनाइदिनेछु। त्यसलाई तपाईं मज्जाले खानुहोस् !'' नौरंगी स्वामीले भने।

आफ्नो कान्छा भाइको कुरा सुनेर बजरंगी स्वामी हा-हा गरेर हाँसे, अनि दासीलाई भने—''ठीक छ, कालाकूतामा पुगेर नै खाना खानेछौं। मेरो लागि दूध-बदामको खाजा मात्र लिएर आऊ।''

डेड़ मन दूधमा एक मन बदामको घोल बनाएर ठूला-ठूला बाह्रवटा भाँड़ामा हाली

नौकरहरुले लिएर आए। ठिंग उभिएर नै नौरंगी पहलमानले ती जम्मै घट्घटती पेटमा हुलेर भाइसित बजरंगीवाणमा चढ्न पुगे। दूरवीन, खल्ती-तोप, बन्दुक, डोरी अनि डरलाग्दा बम-गोलाका गह्रौं थैलो पनि उनले आफूसितै बोकेका थिए। तीनतले बजरंगवाणमा तीन कोठा थिए। एउटा कोठामा मसिन थियो, दोस्रोमा सानो पुस्तकालय, सुत्ने र बस्ने बन्दोबस्त थियो, अनि सबैभन्दा माथिल्लो कोठामा प्रयोगशाला थियो। नौरंगी स्वामी दिशा-संकेत अनि गतिलाई ठीक तालमा राखेर आफू पुस्तकालय या प्रयोगशालामा जान्थे अनि बजरंगी-बाण बड़ो मजाले माथि उड़िरहेको हुन्थ्यो। आफ्नो कान्छा भाइको यो आविष्कार देखेर पहलमान साह्है खुशी भए।

कुबेरपुर र कालाकूताको माझमा एक हजार माइलको दूरी थियो। कालाकूता ठीक समुद्रको किनारमा अवस्थित थियो। तर तूफानभन्दा पनि चाँड़ो कुद्ने यो बजरंगीबाणले केवल बीस मिनेटमा कालाकूता ल्याइपुर्‍यायो।

त्यस बेला कालाकूतामा ठूलो हलचल थियो। बजरंगीबाणलाई देख्नासाथ शहरका बासिन्दाहरु कोही सड़कमा, कोही चौरस्तामा अनि कोही उभिएर बजरंगीवाणलाई हेर्दै कराउन-लागे।''

मकिलो अग्निवाण तल ओर्लेपछि एउटा 'दैत्य' त्यहाँबाट तल कुदेर झरेको तिनीहरुले देखे। 'दैत्य' तल ओर्लनेसाथ त्यो अग्निवाण स्वार्र उँभोतिर उड़ेर गयो। छाउनीमा भएका सबै सिपाही छक्क परे। तिनीहरुले केही पनि बुझ्नसकेनन्। हात्ती जोड़ले कराएका र घोड़ाहरु हिन-हिनाएका आवाजले तिनीहरुको ध्यान त्यतैपट्टि सर्‍यो। बजरंगी पहलमानले हात्ती-घोड़ा सबैलाई खोलीदिएका थिए। पशुको रखवाली गर्नेहरुलाई तर्साउन ठूला-ठूला घोड़ाहरुलाई उचाल्दै तिनीहरुमाथि नै पछार्नथाले। फेरि हात्तीलाई उठाउँदै फेक्नथाले। हात्ती-घोड़ा दुवै थरीका पशुहरु डराएर यता-उता भाग्नथाले। त्यस बेलासम्ममा सिपाहीहरु बंदुक बोकेर त्यहाँ पुगे। बजरंगी पहलमानलाई धमाधम गोली हान्नथाले। तर पहलमानको शरीर त वज्रको भइसकेको थियो। पहिला त उनी हाँसे, अनि भने—''अरे, तिमीहरुको बन्दुकमा गोली भरिएको छ कि बदामको गेड़ा भरिएको छ हँ ? लौ त एकपल्ट मेरो यो गोलाको रौनक हेर है त !''

यति भन्दै बजरंगीले आफ्नो खल्ती तोपको एउटा गोला छोड़े। अनि त्यहाँ सिपाहीहरु सबै पुर्लुक-पुर्लुक भए। अब त्यहाँका ठूला-ठूला जेनरल अनि कमांडरहरु आफ्ना पूरै सेना र तोप लिएर जुझन आए, तर बजरंगीको चतुरता, छरितोपन अनि वीरताको अघि तिनीहरु उभिनैसकेनन्। एउटा मात्र बजरंगी होइन, हजारौं बजरंगी नै त्यहाँ लड्न आएका छन् भन्ने

भ्रममा तिनीहरु परे। अहिले यताबाट फेरि अहिले अर्कोतिरबाट उनको खल्तीतोपको गोला वर्षन्थे। दुइ घण्टाभित्रमा इंग्लैजुदौलाका आधाभन्दा बढ़ता सेना सखाप भए। बाँकि रहेकाहरु गोहार माग्दै बजरंगीको शरणमा आए। पहलमानले तिनीहरुलाई माफ गरिदिँदै भने, ''जाऊ, मेरो लागि एक सय मन दूध लिएर आऊ। अनि इंग्लैजुदौलाको महल कहाँ छ ? मलाई त्यहाँ पुर्‍याइदेऊ।'' यति भन्दै उनी उफ्रेर हात्तीको पीठ्यूँमा चढ़े।

उता नौरंगी स्वामीले पनि आफ्नो काम सफलतासित सिध्याए। तिनले इंग्लैजुदौला र काऊ-काऊलाई बन्दी बनाएर आफ्नो बजरंगबाणमा हुले। बजरंगवाणले महलको सेरोफेरो मारेपछि एक घण्टासम्म रसायनको मुस्लो बर्षा गर्नथाले। महल, झाड़-फानूस, गलैंचा, सिंहासन, वेन्ची, पलंग, भाँड़ा-बर्तन जे जति थिए, सबै गलेर मिसिरीको डल्ला मात्र होस् भन्ने तिनको विचार थियो। महलमा बस्नेहरु सबै डराएर भागे। यतिञ्जेलसम्ममा बजरंगी पहलमान पनि त्यहीं आइपुगे। सबै मिस्री फिटेर घुटुक-घुटुक पिए। फेरि उनले नोकरहरुलाई त्यहाँका जम्मै धन-सम्पत्ति उनको अघि ओसार्ने हुकुम दिए। जब खजाना उनको अघि ल्याइयो, तब राम्रा-राम्रा रत्नहरु छाँटेर उनले आफ्ना राजाका निम्ति राखे अनि रहल सबै गरीबहरुमा बाँड़िदिए।

हिमालको सुगंधा नदीको मुहानको छेउमा बजरंगवाण ओर्ल्यो। पहलमानले आफ्ना दुवै कैदीलाई ठेल्दै जहाजबाट उतारे। अब नौरंगी स्वामीले आफ्नो पिचकारी तिनीहरुको अघि तेर्साएर उभिए। तिनले काऊ-काऊलाई भने, ''तँ त केवल हिउँलाई मात्र मिस्री बनाउन सक्दछस्, तर म त सबैलाई मिस्री बनाउनसक्दछु। आफ्नो महलको के हाल भयो, त्यो त तँलाई थाहा नै छ। अब म तिमीहरू दुवैजनालाई मिस्रीको पुतला बनाएर सुगंधा नदीमा फ्याँकिदिनेछु। अनि तिमीहरू मानिसदेखि शरबत बन्नेछौ।''

तर ती दुवै धूर्त थिए। रावण-कुम्भकर्णको जोड़ी चुपचाप आफ्ना अनुहार हुप्प फुलाएर बसिरहे। रिसले साह्रै झोंक चलेपछि बजरंगीले ती दुवैलाई दुइ-दुइ लात कसे। ती दुवै हुरुक्क भई 'ऐय्या' 'ऐय्या' भन्नथाले।

नौंरगीले भने—''काऊ-काऊ, हिमालयको जलवायुलाई फेरि पुरानै अवस्थामा ल्याइहाल। होइन भने यी हेर, म इंग्लैजुदौलालाई मिस्री बनाई हाल्दछु।''

तर धूर्त काऊ-काऊले केही भनेन। इंग्लैजुदौलालाई नौरंगी स्वामीले साँचै नै मिसिरीको पुतला बनाइछाड़े। अब तिनले काऊ-काऊतिर आफ्नो पिचकारी ठड़्याए। त्यसले हाथ जोड़ेर भन्यो—''मलाई नहान, म भन्नेछु।''



काऊ-काऊले दवाइहरुको नाम भनिदियो। नौरंगीले बजरंगीलाई भने–''दाज्यू, यो दुष्टलाई तपाईं याद गर्दै गर्नोस है !''

यति भनेर तिनी आफ्नो प्रयोगशाला गए अनि काऊ-काऊले भनेको रसायनहरुको घोल तयार गरेर बजरंगवाणबाट चारैतिर रसायनको वर्षा गरिदिए। एक क्षणमा सिउ-सिउ जाड़ो भएर आयो।

नौरंगीले बजरंगीलाई भने–''आउनुहोस्, अब कुबेरपुर जाऔं। यो धूर्तलाई पनि बाँधेर त्यहीं लानुपर्छ। त्यहाँ पुगेपछि म यसलाई मार्न चाँहि मार्दिनँ तर मेरो दवाइको चमत्कारले यसको टाउकोमा दुइटा सिंग र एउटा लामो पुच्छर चाँहि उमारीदिनेछु। कुबेरपुरको चिड़िया-घरमा एउटा घिनलाग्दो जानवरजस्तो भएर यो सँधै बन्द रहनेछ अनि सबैको तमाशा बन्नेछ।''

नौरंगी स्वामीको कुरो सुनेर बजरंगी दिल खोलेर हाँसे। तर काऊ-काऊको भने चेत हरायो। त्यसले पहलमानको खुट्टा समातेर गिड़गिड़ाउँदै क्षमा माग्नथाल्यो। दयालु बजरंगी पहलमानले नौरंगीतिर हेरे। तिनले भने–''दाज्यू, यो साह्रै धूर्त छ, यसको कुरामा ध्यानै नदिनुहोस्।'' अनि तिनले काऊ-काऊलाई बजरंगवाणभित्र ठेल्दै हुले अनि पछि बजरंगीसित आफै पनि भित्र पसे।

कुबेरपुर पुग्नासाथै दुवै भाइहरूको भव्य स्वागत भयो। बजरंगी-नौरंगीको जय-जयकारले आकाश थर्कियो। जापानका परोपकारी सम्राट्को उपकार मान्दै महाराजाले पनि तिनको सेवामा

बहुमूल्य कोसेलीहरु पठाएदिए। नौरंगी स्वामी शहरभित्रको जगदम्बा मन्दिरका पुजारी पनि थिए। तिनको जादुगरी कलाको धाक चौरतिर फैलिएको थियो। उड्नसक्ने कलदार घोड़ाका तिनी स्वामी थिए। किसिम-किसिमका रसायनहरु पनि थिए तिनीसित। तामालाई तिनी सून बनाउन सक्दथे। बूढ़ोलाई जवान र जवानलाई बूढ़ो पार्नसक्दथे। रूँदै गरेकोलाई हसाँउन पनि सक्दथे।

नौरंगी स्वामी सिपालु अनुसन्धानकर्त्ता थिए। तर तिनी साधुजस्तै बस्दथे। तिनको खोराक थोरै थियो। तिनी साना-साना दुइटा सुखा रोटी, आधा पावा दूध या दही बिहान र बेलुका मात्र खाने गर्दथे। कुनै फलको दुइ केस्नासित दुइ चम्ची मह खान्थे। तिनी खूबै कम्ति सुत्ने गर्दथे। चौबीस घण्टामा जम्मा पन्द्रह मिनेट मात्र ! तिनी योगाभ्यास गर्थे अनि सिपालु वैद्य पनि थिए। यस्ता धेरै राम्रा गुणहरु थिए तिनीसित। केवल एउटै अवगुण थियो तिनीसित, त्यो थियो लोभ, तिनी लोभी थिए।

पढ़दै-नपढ़ेका मूर्ख-कोदे मानिसहरूमा भूत-प्रेतको डर ज्यादै हुन्छ। त्यस बेला पनि यस्तै थियो। पैसा कमाउने लोभले नौरंगी स्वामीले यो डरलाई अझै बढ़ाउने कोशिश गर्दथे। कुनै रोगीलाई उपचार गर्नुपर्दा तिनी योग र रासायनिक दवाइको प्रयोग गर्दथे तर अनपढ़ रोगीको अघि धूमधामसित भूत झारेको अभिनय गर्ने गर्दथे।

बजरंगी पहलमान आफ्नो कान्छा भाइलाई साह्रै माया गर्दथे तर तिनको यो झूटो आडम्बर भने उनलाई पटक्कै मन पर्दैनथ्यो। यस कारण जब ती दुइ एकलै हुन्थे, त्यसबेला 'नकली स्वामी' भनेर जिस्काउने पनि गर्दथे।

त्यस बेलासम्म पनि बजरंगी पहलमानको ठूलो नाम थियो। रसिया, जापान, अफ्रीका, अमेरिका, जर्मनी आदि देशका बलवान्-बलवान् पहलमानहरुलाई उनले पछारीसकेका थिए। टार्जन र फ्यान्तमलाई त उनले पहिले नै पछारीसकेका थिए। तर पछि बजरंगीलाई उपकारी र मानवबन्धुको रूपमा चिनेपछि ती दुवैले पहलमानसित मित्रता कायम गरे। त्यस बेला भारतमा भर्खरै अंग्रेजी राज्यको स्थापना हुँदै थियो।

कुबेरपुर राज्यको छेउमा नै अंग्रेजहरुको राज्य थियो। कुबेरपुरको जंगलमा हात्तीको शिकार खेल्न अंग्रेज अफिसरहरु प्रायः नै आउने गर्दथे। यसरी तिनीहरुले धेरैवटा हात्तीहरु मारिसकेका थिए। राज्यका प्रजादेखि लिएर राजासम्मले यसको विरोध गरे तर अंग्रेजहरुले कानमा तेल हालेर बसे। कुबेरपुरका राजाले बजरंगीलाई आफ्नो समस्या सुनाए। बजरंगीले भने, "राजा साहब,

अब उसो तिनीहरु हाम्रो इलाकामा पसे भने मलाई भन्नुहोस्। म तिनीहरुलाई तोरीको फूल देखाइदिनेछु।''

तर राजाले केही चालै पाएनन्। अंग्रेज अफिसर चुपचापसित फेरि शिकार गर्न जंगल पसीसकेका थिए। त्यस दिन दुर्भाग्यले जंगली हात्तीहरुले अंग्रेजको शिकारी दललाई घेरे। डरले आत्तिएर तिनीहरु जुन रूखमा चढ्दथे, त्यही रूखलाई हात्तीले लड़ाइदिन्थे। विचरा एकजना अंग्रेज अफिसर एउटा हात्तीको फेला पर्‍यो। हात्तीले त्यसलाई कुल्चेरै मार्‍यो। बाँकि जो थिए, सबै भागे। नदी तरेर ती सबै शहरभित्र पसे। तिनीहरूलाई पछ्याँउदै आएका हात्तीहरुले अब कुबेरपुरमाथि नै धावा बोले। हात्तीका टाउका र लात्तीका प्रहारले झुपड़ीहरु सोत्तर भए। काठका घरहरु भताभुंग भए। ज्यान र मालको ठूलो नोक्सानी भयो। बजरंगीलाई खबर पुर्‍याउन कत्तिजना कुदे।

रिसले मातेका हात्तीका झुण्ड सुँड़ ठाड़ो पारेर शहरको ठूलो बजारभित्र नै भूइँ थर्काउँदै आइपुग्यो। तिनीहरुको गर्जनले आकाश थर्किरहेको थियो। जनता डरले लालक-लुलुक भएर चिच्याउन पनि नसक्ने भए। त्यसै बेला पहलमान आइपुगे। उनले एक झोंकमा दुइटा हात्तीका सुँड़लाई आफ्नो पाखुरामा बटारे, हात्तीलाई जुरुक्क उठाए र पिठ्यूँपट्टिबाट धरतीमा ब्लांग पछारीदिए। त्यहाँबाट पनि ती दुवैलाई उठाएर आफूतिर आइरहेका हात्तीको झूण्डमाथि नै फ्याँकिदिए।

ठीक यति नै बेला हातमा तामाको पिचकारी बोकेर नौरंगी स्वामी आफ्नो उड्ने घोड़ामा चढ़ेर त्यही आइपुगे। हातको पिचकारीद्वारा हात्तीहरुको टाउकोमा कुनै रसायन छर्कनथाले। छतमा उभिएर रमिता हेरिरहेकाहरुलाई आफ्नो जादुगरीको प्रभाव जमाउन जोड़-जोड़ले अस्पष्ट स्वरमा मन्त्र भनेजस्तो पनि गर्नथाले। 'अगड़म-बगड़म यूँ फटाक् स्वाहा' पनि भन्दै गर्थे। पिचकारीको असर साँच्चै जादूजस्तै भयो। हात्तीको शरीरको जुन-जुन ठाउँमा त्यो दवाइ पर्‍यो, त्यहीं-त्यहीं नै हात्तीलाई उखरमाउलोसित चिलाउन थाल्यो। चिलाएकोले हात्ती पगला जस्तो हुन थाले। बजरंगीको कुटाइले पनि तिनीहरु आधा मासु भइसकेका थिए। एकै क्षणमा सबै भागे।

राजाले ती दुवै भाइको ठूलो खातिर गरे। बजरंगी पहलमानलाई जनताले साक्षात् 'बजरंग बली' को अवतार नै मान्नथाले।

---

# 3

# बजरंगी र राक्षस फेनफू

एक दिन आफ्नो उड्ने घोड़ामा चढ़ेर नौरंगी स्वामी घर फर्किरहेका थिए। त्यहाँ उत्रेर आफ्ना दाज्यू-भाउज्यूसित भेट गर्ने इच्छा तिनको मनमा जाग्यो। साथ-साथै पेटपूजा पनि गर्ने तिनको इच्छा थियो। यति सोच्नसाथै तिनले झट्ट घोड़ाको कल थिचे। घोड़ा तल ओर्लनथाल्यो। त्यो सोझै पहलमानको आँगनमा गएर अड़ियो, बजरंगीकी स्वास्नी आफ्नो देवरलाई देखेपछि साह्रै खुशी भइन्। बजरंगी आफै पनि साह्रै रमाए। तर यिनीहरुले केही भन्नअघि नै नौरंगी घोड़ाबाट हाम फालेर बुद्रुक्क झरे र कराएर भने–''भाउज्यू, छिटो खाना पस्कनुहोस्। मलाई साह्रै भोक लागेको छ।''

बजरंगीले भने–''नौरंगी, तँ निकै लामो बाँच्छस है, भाइ। यी भर्खरै मैले तेरो संझना गरेको थिएँ। आज तेरी भाउज्यूले मोतीचूरको लड्डू र श्रीखण्ड बनाएकी छिन्।''

''अरे मोतीचूरको लड्डू र श्रीखण्ड ! भाउज्यू, पस्किनोस्न ता छिटो। मेरो भोक झन् डबल भएर आयो। अबेर गर्नुभो भने तपाईंको भान्साघरका सबै खानेकुरा म सिध्याइदिनेछु।'' बजरंगीले भने, ''अरे, कुरै नगर्, एउटा लड्डू र आधा बटुका श्रीखण्ड ता तँ खानसक्ने होइनस्, भान्साघर रित्याउने कुरा ता परै जावस् ! नकली स्वामी भनाउँदो !''

नौरंगी स्वामीले झोक्किएर भने–''दाज्यू, तपाईं मलाई घरि-घरि 'नकली स्वामी', 'नकली स्वामी' भनेर झौंक चलाउनुहुन्छ। यसरी जिस्काउन बन्द गर्नोस्, नत्र नपत्याउने खोलाले बगाएको कुरा सत्य बनाएर देखाइदिनेछु अनि मात्र तपाईंलाई सँधै याद रहला।''
बजरंगीले भने 'तँ नकली स्वामी नै होस्, यसै कारण तँ हावाको मन्त्र पढ़ेर भूत झार्ने गर्दछस्।''

''यसो गर्दा के हुने हो र ! म त असली स्वामी नै हुँ।''

''नकली होस् !''

दुवै भाइ 'असली-नकली' को भनाबैरीमा लागे। यति नै बेला बजरंगीकी स्वास्नीले आएर पहिला भोजन गर्नू अनि रातभरि भनाबैरी गरिरहनू भन्ने सल्लाह दिइन्।

बजरंगीको अघि एउटा ठूलो थाल राखिएको थियो। अनि नौरंगीको अघि एउटा सानो प्लेट राखिएको थियो। बजरंगीको ठूलो थालमा एक हजार लड्डू र एक हजार खस्ता कचौरीहरु राखिएका थिए, नौरंगीको प्लेटमा एक-एकवटा मात्र थिए। बजरंगीको निम्ति चारवटा ठूला-ठूला भाँड़ामा श्रीखण्ड थिए, तर नौरंगीको निम्ति केवल एक बटुका श्रीखण्ड थियो। नौरंगीले भने–"भाउज्यू, दाज्यूको थालमा जति राखिएका छन्, मलाई पनि त्यति नै पस्केर दिनोस्।"

भाउज्यूले हाँसेर भनिन्–"देवरज्यू, खाँदै जाऊन। म थप्दै जानेछु नि ! अन्न नष्ट गर्नुहुँदैन। तिमी आफ्नो दाज्यूको एक गाँस बराबर पनि खानसक्ने होइनौ। यस कारण ढिपी नगर।"

तर नौरंगी स्वामीले आफ्नो ढिपी छोड़ेनन्। नौरंगीले भने–"आज म दाज्यूलाई खाने होड़मा जितेर देखाउनेछु। आज मैले मेरो असली स्वामीपना देखाएरै छोड्नेछु।"

"तपाईं हार्नुभयो भने मलाई के दिनुहुनेछ ?"

"अरे, धाक मात्रै पिट्ने नकली स्वामी, म तँलाई बाल्यकालदेखि चिन्दछु। र पनि तैंले जितेर देखाइस् भने म तँलाई इच्छा-वरदान दिनेछु।"

"जितें भने मेरो पुरस्कार हुनेछ चाँगचु द्वीप।" नौरंगीले भने।

बजरंगीकी स्वास्नीले तर्सेर भनिन्–"त्यो चिनियाँ राक्षस भएको टापू ?"

कारण, त्यस समय चाँगचू द्वीपको राक्षस फेनफूलाई अजेय मानिन्थ्यो। त्यसलाई सबैभन्दा बलियो पहलमान र सबैभन्दा ठूलो जादूगर मानिन्थ्यो। त्यो दस फूट अग्लो, दस फूट चौड़ा भएको अनि अठार फूटे मोटो भएको व्यक्ति थियो। त्यसको दलमा डबल-डबल, संडमुसदंड पहलमान नोकरहरु थिए। त्यस द्वीपको चारैतिर चुम्बकका पहाड़हरु डुबेका थिए। जहाजहरू यही चुम्बकको आकर्षणमा फँस्थे र त्यसका फलामे काँटी र कल-पुर्जाहरु खिंचिनथाल्थे। अन्त्यमा ती जहाजहरु डुब्थे। त्यो समयमा हावाजहाजहरु थिएनन्। महान् जादूगर नौरंगी स्वामीको उड्ने घोड़ा पनि त्यहाँ जान सक्दैनथ्यो, कारण त्यसमा पनि फलामका काँटीहरु ठोकिएका थिए। यसै कारण फेनफूको चाँगचू द्वीपलाई अझैसम्म कसैले दखल गर्नसकेको थिएन।

आफ्नो जादूको बलले फेनफू जति बेला चाहन्थ्यो, त्यति बेला नै आफ्नो डाकू दलसित

बाहिर निस्कन्थ्यो। कमजोर देशहरुमा उ लूट-पाट गर्दथ्यो। सैकड़ौं स्त्री-पुरुष अनि बालकहरुलाई दास बनाएर आफ्नो कब्जामा लान्थ्यो। सून-चाँदी र अन्न पनि लुटेर लै जाने गर्दथ्यो। फेनफूको नाम सुन्नासाथै सारा संसार थरथर काँम्थ्यो। यसै कारण बजरंगीकी स्वास्नीले तर्सेर आफ्नो देवर नौरंगी स्वामीले केही जवाब दिनभन्दाअघि नै बजरंगीले हाँसेर नौरंगीको पिठ्यूँमा धाप मारे। उनले भने—''ठीक छ, तेरो कमाल देखान ता ! फेनफू र त्यसको द्वीप दुवै नै म तँलाई पुरस्कारमा दिऊँला।''

दुइ भाइको अघि भोजन पस्केर राखियो। आफ्ना दाज्यूलाई जिस्काउनको निम्ति नौरंगी स्वामीले जोड़-जोड़ले ''ओं भीम पाण्डव अगड़-बगड़म चरो-चरो स्वाहा'' जाप गर्न शुरु गरे। यति जपेर भटाभट लड्डू खानथाले। बजरंगीकी स्वास्नी अनि घरका सबै नोकर-चाकरले अहिलेसम्म नौरंगी स्वामीको ठट्टा मात्र हो भन्ने सोच्दै थिए। तर सबै छक्क परे। स्वामीजीले चाँड़ै नै पूरा थाल र चार भाँड़ा श्रीखण्ड खाई सिध्याए। पहलमानको आधा थाल अझै सक्नु बाँकि नै थियो।

नौरंगीको थालमा फेरि एक हजार लड्डू र कचौड़ी पस्केर राखिए। रित्ता भाँड़ाहरुमा फेरि श्रीखण्ड हालिए। यो देखेर पहलमानले पनि हतार-हतार खानथाले। दुवै भाइ नै साक्षात् भोजन-मशिनजस्ता भए। लड्डू र कचौड़ीको पहाड़को पहाड़ नै तिनीहरुका भूँड़ीमा पस्नथाले। पाँच हजार लड्डू, सात हजार कचौड़ी अनि पच्चीस मन दहीको श्रीखण्ड भूँड़ीमा पस्नासाथ बजरंगी पहलमान डकार गरेर हल-न-चल भए तर नौरंगी स्वामी भने भटाभट खाइ नै रहेका थिए। यो देखेर भाउज्यूले हात जोड़ेर भनिन्, ''अब दया गर, महात्माजी।'' नौरंगीले भने, ''दाज्यूले मसित हार माने मात्र म खान बन्द गर्नेछु।''

''ठीक छ भाइ, म हारें अनि तैंले जितिस्। दुइ महीनाभित्रमा चाँगचू द्वीप र कैदीको भेषमा राक्षस फेनफू तँलाई उपहारमा दिनेछु।''

नौरंगी स्वामी आनन्दसित उड्ने घोड़ामा चढ़ेर आफ्नो निवासस्थानतिर उड़े।

नौरंगी स्वामी त घर पुगे तर बजरंगी पहलमानको दिनको चैन र रातको निन्द्रा भागे। कुनै ठूलो काम गर्नलाई बल मात्रले भ्याउने होइन, बुद्धिको शक्ति पनि चाहिन्छ। तर पहलमान जत्तिको शरीरले बलवान् थिए, उत्ति नै बुद्धिमान् पनि थिए। सबभन्दा पहिला राजाको पुस्तकालयमा गएर चाँगचू द्वीपको सम्बन्धमा जानकारी बटुले। चाँगचू द्वीपको छेवैमा एउटा अर्को दिव्य देश पनि थियो। राक्षसजस्तो क्रूर फेनफूले घरि-घरि लुटेर यो देशलाई उजाड़ पारी-दिएको थियो।

यही दिव्य देशको कुनै ठाउँमा चाँगचू द्वीपबाट बाहिर आउने बाटो बनिएको थियो। तर त्यो बाटो कहाँ छ, यसको सुइको कसैलाई थिएन। त्यही दिव्य देशमा गएर त्यो गुप्त बाटोको खोजी गर्ने उनले अठोट गरे। डोरी, कोदाली, तरवार, बन्दुक र बिजुली-घोड़ी, बजरंगीसित यी पाँचजना साथी भए। हिड्नूँभन्दा अघि पहलमानले आफ्नो घरअघिको तुलसीको बोटको परिक्रमा गरे।

अन्त्यमा उनले आफ्नी स्वास्नीलाई भने—"तुलसीको बोटले तिमीलाई मेरो कुशलताको समाचार दिनेछ। म कुनै विपत्तिमा छु भने यो बोट ओइलिने छ। म बिमार भएँ भने यसका पातहरू कुहुनु थाल्नेछन्। तर म मरेँ भने यसका टुसाहरुसमेत सुकेर झर्नेछन्।"

उनकी स्वास्नीले आफ्ना लोग्नेलाई विजयको टीका लगाइदिँदै भनिन्—"तिम्रो दुश्मन मरोस् ! तिम्रो नामराशी देउताले तिम्रो रक्षा गर्नेछन्। जसरी तिमी मलाई ढाड़ फर्काएर जानेछौ, त्यसरी नै अनुहार मतिर फर्काएर घर फर्क।"

बजरंगी यात्रामा हिंड़े। हजारौं कोस जंगल र हजारौं कोस पहाड़ पार गरेर उनी त्यो दिव्य देशमा पुग्न सक्थे। बजरंगीले आफ्नी घोड़ीलाई थप्थपाएर भने—"बिजुली, इज्जतको प्रश्न छ है, अनि समय पनि धेर छैन। तँ बल लगाएर कुद अनि मलाई चाँड़ोभन्दा चाँड़ो त्यो पहाड़मा पुर्याइदे।"

यति भन्नु मात्र पर्यो, बिजुली साँच्चैकै बिजुली भई। दिन-रात कुदेर यसले तेस्रो दिनमा बजरंगीलाई त्यो पहाड़मा पुर्याइछाड़ी। बजरंगीले बिजुलीको काँधमा धाप मारे, मालिश पनि गरिदिए, आफ्नै हातले घाँस पनि खुवाए अनि भने—"बिजुली, अब पचास दिन तैंले मेरो बाटो हेर्नू। म फर्केर आइनँ भने एकावन दिनमा तँ घर फर्केर जानू।"

यति भनेर बजरंगी पहाड़ उक्लनथाले। आफ्नो शरीरको ओजनको संतुलनमा एउटा टुप्पादेखि अर्को टुप्पामा फड़को हान्नथाले। यति चाँड़ो फड़्को हान्थे कि उनलाई उड़ेको जस्तो देखिन्थ्यो। तेस्रो दिन उनी दिव्य देशमा पुगे। त्यहाँका राजालाई उनले आफ्नो उद्‌देश्य पनि बताइदिए।

दिव्य देशका राजाले भने, "भगवान्ले तपाईंलाई जस दिऊन्। तर चाँगचू द्वीपमा पुग्नु सजिलो कुरा छैन। त्यो राक्षस फेनफू कुन बाटोबाट हाम्रो देशमा पस्थ्यो, त्यो आजसम्म हामीले पत्ता लगाउन सकेका छैनौं भने तपाईंले कसरी यसको पत्ता लगाउनसक्नु हुन्छ ?"

बजरंगी पहलमानले त्यस देशका पहाड़-जंगल सबैतिर छ्यापछ्याप्ती खोजे तर त्यो बाटोको टुँगो उनले पनि पाउनसकेन। वाक्क भएर उनले अर्को उपाय सोचे। एक दिन डोरी र तरवार

बोकेर उनी समुद्रको पानीमा पसे। पौड़ँदै-पौड़ँदै उनी व्हेल माछा बस्ने ठाउँमा पुगे। त्यहाँ उनले आफ्ना दुवै खुट्टाले पानीलाई खूब हल्लाइदिए। व्हेलको सुताइमा यसले वाधा पार्‍यो। व्हेललाई साह्रै रिस उठ्यो। नाकका टोड्काबाट पानीको फोहरा छोड्दै त्यो माछा माथि आइपुग्यो।

अब बजरंगी र व्हेलमा घमासान लड़ाइँ मच्चियो। केही बेरपछि बलवान् बजरंगी उफ्रेर ह्वेलको गर्धनमा सवार भए। चाँड़ोभन्दा चाँड़ो त्यसको नाकलाई तरवारले छेड़ेर बजरंगीले त्यसमा दुवैतिरबाट डोरी कसिदिए। ह्वेलले पानीमा पस्नेसम्म फुर्सद पाउनसकेन। अब बजरंगीले डोरी तान्दा ह्वेलको सातो-पुत्लो उड्नथाल्यो। केही समय बितेपछि लाचार भएर ह्वेल बजरंगीको अधीनमा भयो। नाकको डोरी तान्दै र तरवार गाड्दै बजरंगीले ह्वेललाई किनारमा ल्याइछोड़े।

यो दृश्य देख्ने जति जम्मै अचम्भमा परे। आजसम्म कसैले पनि यस्तो बहादुर मान्छे देखेकै थिएनन्। सबैले बजरंगीको जय-जयकार गर्नथाले। आठ-दश दिन बितेपछि बजरंगीले ह्वेललाई आफ्नो इशारामा नाँच्ने पाल्तु जानवर बनाए। अनि एक दिन यसैमा चढ़ेर बजरंगी चाँगचू द्वीपतिर हिंड़े। दिव्य देशका राजा-रानी अनि हजारौं प्रजाजनले बजरंगीलाई विदा दिए। सबैजनाले विजयको निम्ति भगवान्‌सित प्रार्थना गरे।



बजरंगीको ह्वेल समुद्रलाई चिर्दै तीरजस्तै अघि बढ्नथाल्यो। चुम्बकले डुबेका पहाड़हरुका माझमा माछाका ठूला-ठूला बस्तीहरु थिए। ती सबैलाई आफ्नो आहार बनाउँदै ह्वेल बड़ो गर्वसाथ अघि बढ्रिरह्यो। एक दिन त्यो चाँगचू द्वीपको बन्दरगाहमा पुग्यो। त्यहाँका पहरादारहरुले बजरंगीमाथि तीरको बर्षा गर्नथाले। बजरंगीले पनि आफ्नो बन्दुक चलाउन शुरु गरे। पहलमानको निशाना अचूक थियो। धेरैजना पहरादारहरु मारिए। रहल जति थिए, सबै भागे। घाटमा पुगेर बजरंगी पहलमानले नाउँ बाँध्ने किलोमा ह्वेललाई बाँधे, अनि आफू माथि उक्लनथाले।

त्यसै बेला घाटमाथिबाट डाकूहरुले पहलमानमाथि ठूला-ठूला ढुंगा खसाल्नथाले। बजरंगी पहलमानले कत्ते नहेरी एकै फट्कामा उफ्रेर दस सिंड़ी नाँघेर आई डाकूहरुलाई घुस्साले हिर्काउनथाले। दस-पाँच डाकूहरुलाई उचालेर तल ह्वेलको मुखमा फ्याँकीदिए। ती सबैलाई नै ह्वेलले भोजनको रूपमा खायो। यस्तै प्रकारले पहलमानले पचासजना डाकूहरुलाई मारे। फेनफू र त्यसका दुष्ट डाकूहरुले अनेकौं मानिसहरुलाई पक्ड़ेर आफ्ना दास बनाएका थिए। पहलमानको शक्ति देखेर ती दासहरु खूबै आनन्दित भए। पहलमानलाई तिनीहरु डाकूहरु बस्ने ठाउँको टुंगो बखान गर्नथाले। टापूको सबैतिर घुमी-घुमी पहलमानले डाकूहरुलाई चुट्नथाले। मरेका र घाइते भएका डाकूहरुलाई ती दासहरुले उचाल्दै ह्वेलको मुखमा पुर्याएर छोड़ीदिन्थे। आफूमाथि भएको अत्याचारको बदला यसरी लिन-पाउँदा तिनीहरु गद्गद् थिए।

त्यस बेला चिनियाँ राक्षस फेनफू आफ्नो महलको आँगनमा पाँच मन अफिम खाएर बसिरहेको थियो। आफू ट्वाँट मातेको भए पनि दुइटा भालेलाई जुझ्न लगाएर त्यो हेरिरहेको थियो। नोकरहरुले आएर भने–''अन्नदाता, ह्वेलमा चढ़ेर एउटा पहलमान हाम्रो टापूमा आएको छ। हाम्रा चार सय पहलमानहरुलाई त्यसले ह्वेलको गाँस बनाइसकेको छ।''

फेनफू हाँस्यो र भन्यो–''सुर्त्ता नगर। मेरा दोबर-घचेट बहादुरहरुले त्यस भारतीयलाई अचारजस्तै पिस्नेछन्।''

तर त्यस बेलासम्ममा बजरंगीले दोबर-घचेटहरुलाई अचार बनाउन शुरू गरिसकेका थिए। दुइ सय दानवहरु मुंग्रो-डण्ठा बोकेर पहलमानलाई आक्रमण गर्न कुदे। पहलमानले झम्टेर एउटा ठूलो पीपलको रूखलाई जरैसित उखेले। त्यसैलाई गदाजस्तै घुमाउनथाले। मिनटभित्रमा नै बजरंगीले फेनफूका सय-डेढ़ सय दोबर-घचेटहरुलाई सखाप पारिदिए। बाँचेर उब्रेका दानवहरुले हात जोड़ेर भने–''बिन्ती छ, बिन्ती पहलमान। हामीलाई छोड़ीदिनोस्।''

बजरंगीले ती सबैलाई एउटा बलियो डोरीले दाउराको भारीजस्तै गरेर कसिदिए। टापूभरिका दासहरु खुशी भएर आफ्ना रक्षक बजरंगी पहलमानलाई ढोग ग्नथाले। बजरंगीले सोधे—"फेनफूका पहलमानहरुमा अरु कोही बाँचेको छ ?"

गद्गद् आवाजमा दासहरुले भने—"सबैलाई मार्नुभयो मालिकले। अब खालि यो बाँधिएकाहरु मात्र बाँचेका छन्। यिनीहरुलाई पनि हामी तपाईंको माछाको मुखमा छोड़िदिनेछौं।"

बजरंगीले भने—"तपाईंहरू मलाई मालिक भनेर नबोलाउनुहोस्। म ता भगवान्‌को सेवक र दीन-दुःखीहरुका भाइ हुँ। आजदेखि तपाईंहरु स्वतन्त्र हुनुहुन्छ। आजैदेखि यो द्वीपको नाम पनि स्वतन्त्र द्वीप भयो। यी दुष्टहरुलाई यस्तै अवस्थामा छोड़ीदिनोस्। यिनीहरुका सरदारसितै यिनीहरुलाई पनि आफूसितै जीवित लान चाहन्छु।"

यति भनेर बजरंगी फेनफूको महलको द्वारतिर कुदे।

चिनियाँ दानवका कतिजना नोकरहरु साह्रै अत्तालिएका थिए। तिनीहरुले मालिकको अघि गएर भने—"अन्नदाता, त्यो भारतीय पहलमान अब यतै आइरहेको छ।" तर फेनफू चुपचाप बस्यो। बरजंगीले पहिलो ढोका भत्काइदिए। नोकरहरुले फेनफूलाई फेरि खबर दिए। त्यो चुपचाप अफिम चुस्दै बस्यो।

एक-एक क्षणमा नोकरहरुले आएर भन्न शुरू गरे—"अन्नदाता, दोस्रो ढोका पनि भत्काइदियो, तेस्रो-चौथो ढोका पनि भत्कियो, अँ, पाँचौं पनि भत्कनै आँटेको छ।"

महलका सात ढोकाहरुमध्येमा जब पाँचौं ढोका भत्काइयो, तब फेनफू नाके स्वरमा गर्जे—"दोब्बर अफिम ल्याइदे !"

नोकरले एक-एक मनका दसवटा हाँड़ीमा अफिम घोलेर ल्याए। फेनफूले एक-एकवटा हाँड़ी उठाउँदै घट्‌घट् अफिम पिउनथाल्यो अनि आँगनमा डंड-बैठक कसरत गर्नथाल्यो। जब सातौं ढोका भत्काइयो, तब फेनफू ठूलो हुँकार गरेर तलतिर कुद्नथाल्यो।

सातैवटा ढोका भत्काएर बजरंगी आँगनमा आइपुग्यो। उनले देखे, सिंढ़ीबाट फेनफू होइन, तर दस फूट लामो, दस फूट चौड़ा अनि अठार फूट मोटो मासुको भित्ता नै कुदेर आइरहेको छ।

आफ्नो शत्रुलाई अघि देखेपछि रिसले आगो भएर चिनियाँ दानव फेनफू उफ्रेर तल आयो। बजरंगीले पनि फुर्तिसाथ उफ्रेर त्यसको पेटमा आफ्नो टाउकोले प्रहार गरे। ती दुवै पहलमानहरुको माझमा हाताहात लड़ाइँ शुरू भयो।

बजरंगीको घरमा त्यो तुलसीको बिरुवा घरि हरियो हुन्थ्यो, घरि ओइलिन्थ्यो। एक-दुइवटा साना-साना पातहरु पनि झर्नथाले। यस्तो देखेपछि अतालिएर बजरंगीकी स्वास्नीले नौरंगी स्वामीलाई बोलाइ पठाइन्। चाँगचू द्वीप पुग्नलाई नौरंगी स्वामी पनि आफ्नो उड्ने घोड़ामा चढ़ेर दिव्य देशतिर हिंड़े। त्यहाँ पुग्न चार दिन लाग्यो। तिनी त्यहाँ पुग्दा रात परिसकेको थियो। नौरंगी स्वामीले केही चमत्कार देखाउन नसके यहाँ आइपुगेको व्यर्थ हुनेछ भन्ने ठाने। आफ्नो काम सफल तुल्याउनलाई राजालाई पनि चेला बनाउनैपर्छ भन्ने नौरंगीले सोचे। झट्ट नै स्वामीले आफूले खोजी निकालेको ग्यासद्वारा रसायनलाई एउटा ताँबाको पिचकारीमा भरे। अब त्यसलाई पिचकारीद्वारा हावामा छोड्नथाले। धरतीमा बस्नेहरुले आकाशदेखि ताराहरु तलतिर झर्दै गरेको देखून् भन्ने स्वामीको सोचाइ थियो।

यस्तै प्रकारले पशुपतिको दर्शन र सिद्राको व्यापार गर्ने तिनको स्वभाव थियो। आकाशमा तारा चम्काउँदै तिनी राजाको महलमा ओर्ले। उड्ने घोड़ामा सवार, हातमा तामाको अनौठो पिचकारी र काँधमा झोला भिरेका साधुलाई देखेपछि राजारानीको मनमा भक्तिको भावना उत्पन्न भयो। नौरंगी स्वामीले आशीर्वाद दिएर आफू त्यहाँ आएको कारण बताए। दिव्य देशका राजाले बजरंगी ह्वेलमा चढ़ेर चाँगचू द्वीप गएका खबर नौरंगीलाई सुनाए।

रात परेपछि दुनियाँ निदायो, तर नौरंगी स्वामी चाँगचू द्वीप पुग्ने उपाय सोचिरहेका थिए। राजालाई बिहानै तिनले भने—''मलाई एउटा जालमा पाँच सय चील पक्ड़ेर ल्याइदिने हुकुम सुनाइदिनोस्।''

राजाले चील मँगाइदिए। नौरंगी स्वामीले अब ती फट्फटाइरहेका पाँच सय चीलहरुको जालीलाई एउटा लामो डोरीमा बाँधे। डोरीको अर्को टुप्पालाई आफ्नो उड्ने घोड़ाको घाटीमा बाँधे। हातमा एउटा लामो बाँस पनि बोके। राजाका नोकरहरुलाई ती चीलहरुलाई उड्नको निम्ति उक्साउने आदेश पनि दिए। नौरंगीले चीलहरु उड्नासाथ नै आफ्नो घोड़ा पनि उड़ाइहाले। हातको बाँसलाई घरि-घरि माथि उठाएर चीलहरुलाई डर पनि देखाइरहन्थे, जसले गर्दा चीलहरु आकाशमा उड़ेको उड़ेकै हुन्थे। यस्तै प्रकारले नौरंगीको उड्ने घोड़ा चुम्बकको पहाड़को आकर्षणबाट जोगिएर चाँगचू द्वीप पुग्यो। चाँगचू पुगेपछि घोड़ाको गर्दनबाट चीलको जालीको डोरी खोलिदिए अनि घोड़ालाई द्वीपमा झारे।

स्वामीले त्यहाँ बजरंगीको माछा देखे, डाकू-पहलमानहरु दाउराको भारी जस्तो बाँधिएका देखे अनि त्यहाँ भएकाहरुलाई आफ्नो दाज्यूको समाचार सोधे। पूरै नौ दिन पुग्दा पनि बजरंगीले

फेनफूलाई जित्न नसकेका कुरा तिनीहरुले सुनाए। लड़ाइँ भइ नै रहेको थियो। यति सुनेपछि नौरंगी आफ्नो घोड़ामा उड़ेर फेनफूको आँगनमा पुगे। त्यहाँ पुग्दा घोप्टो परेका बजरंगीलाई फेनफूले चित पार्ने कोशिश गरिरहेको नौरंगीले देखे। तिनले आफ्नो घोड़ालाई झट्ट तल ओह्राले र दुष्ट फेनफूको नाकमा नस फ्याँकेर झट्ट उँभो उड़े। फेनफूलाई भटाभट हाकछिऊँ आउन-थाल्यो। बजरंगीले मौका पाए। फूर्तिसाथ उनी फेनफूको छातिमा चढ़ेर बसे अनि त्यसको नाकमा मुड़कीले हिर्काउनथाले, केही बेरपछि त्यो बेहोश भयो।

फेरि ती दुइ भाइले एकार्कालाई अंगालो मारे। मोटो-मोटो डोरीको थाक ल्याएर पापी फेनफूलाई तिनीहरुले कसेर बाँधे। फेनफू हारेको खबर फैलिएपछि सारा द्वीपमा हर्षको वातावरण देखियो। नौरंगीले आफ्नो पिचकारीको रसायन छोड़े, जसले गर्दा चारैतिर सुगंध फैलियो। बजरंगीले भने—''आजदेखि नौरंगी स्वामी स्वतन्त्र द्वीपको राष्ट्रपति हुनेछन्।''

यति घोषणा गरेर फेनफू र त्यसका पहलमानहरुलाई ह्वेलमा लादेर बजरंगी दिव्य देशमा पुगे। त्यहाँ उनको ठूलो स्वागत भयो। दानव फेनफू र त्यसका डाकूहरुको खूब पिटाइ भयो। राजाले भने, जुन जुन देशलाई ती दुष्टहरुले लुटेका थिए, ती सबै ठाउँहरुमा ती दुष्टहरुलाई तमाशा जस्तो देखाइयोस्।

यत्ति नै बेला नौरंगी स्वामी पनि त्यहाँ पुगे। बजरंगीले सोधे, ''समुद्र पारै नगरी तँ कसरी यहाँ आइपुगिस् ?''

नौरंगीले भने—''जुन सुरुंग बनाएर फेनफू जादूगरहरुको मुकुट भएको छ, म त्यही सुरुंगबाट यहाँ आइपुगेको हुँ। तर दाज्यू, जे भए पनि, समुद्रमा डुबेको पहाड़को भित्रबाट पक्का बाटो बनाएर यसले साँच्चै नै अचम्भको काम गरेको छ। त्यो बाटोलाई यो देशको पहाड़को एउटा गुफामा ल्याइपुर्याएको छ। यो अचम्भको कामको निम्ति पनि पहिला यसलाई केही पुरस्कार पनि दिनैपर्ला। तोपको मुखमा बाँधेर यसलाई झट्ट उड़ाइदिनु नै यसको निम्ति ठूलो पुरस्कार हुनेछ। देश-देशमा घुमाएर यसको अपमान बरु नगरौं नै !''

बजरंगी पनि यही चाहन्थे। फेनफूलाई तोपले उड़ाउने दिन पक्का गरियो। जुन दिन फेनफूलाई तोपमा उड़ाइयो, त्यस दिनदेखि आजपर्यन्त् दिव्यदेशमा फेनफूको पुत्ला त्यसरी नै बारूद भरेर तोपमा उड़ाइने गरिन्छ।

दिव्य-देश र स्वतंत्र द्वीपमा चार दिन आनन्दले बिताएर बजरंगी पहलमान आफ्नो घर फर्के। नौरंगीले आफ्नो उड्ने घोड़ामा पहलमानलाई पहाड़मा पुर्याइदिए। आफ्ना स्वामीलाई

देखेपछि बिजुली घोड़ी हिनहिनाएर कुद्नथाली। आफ्नो कान्छा भाइलाई विदा दिँदै ठूला दाज्यूले भने—''नौरंगी, कसम खा, आजदेखि तँ जादूगरीको स्वाँग रचेर सुधा जनतालाई ठग्ने छैनस्। ख्याल राख्, तैंले यसो गरिस् भने न्यायको निम्ति म तँलाई पनि दण्ड दिन हिच्किचाउने छैनँ।''

नौरंगी स्वामीले आफ्ना ठूला दाज्यूको खुट्टा ढोगेर भने—''म कसम खान्छु। कहिले-काँही नीतिवश ठीक लागे म यो स्वाँग अवश्य गर्नेछु, तर धन र आफ्नो स्वार्थको निम्ति म यस्तो स्वाँग कहिले गर्ने छैनँ।''

आफ्ना स्वामीलाई बोकेर बिजुली घरतिर यसरी कुद्नथाली, मानौ त्यो उड्दै गइरहेकी छ। नौरंगी स्वामीको उड्ने घोड़ा पनि स्वतंत्र द्वीपतिर उड़िरहेको थियो।


---

Indian Institute of Advanced Study
116946
8/12/04
SHIMLA

I. I. A. S. LIBRARY

This book was issued from the lib
date last stamped. It is due back
month of its date of issue, if not r
lier.

CP&SHPS—519-I.I.A.S./2004-25-6-2



Library IIAS, Shimla
N 028.5 N 131 B
00116946

ISBN 81-260-0959-4

मूल्य : चालीस रुपियाँ

आवरण : सुरेन्द्रपाल सिंह